# बरेङ गाउँपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## आर्थिक बर्ष २०७८/०७९



**प्रतिवेदन प्राप्त गर्ने निकाय**

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, हुग्दिशिर, बागलुङ
तथा
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
नदीपुर, पोखरा, बागलुङ
गण्डकी प्रदेश


**प्रतिवेदक**

डा. कृष्ण बहादुर राई, परामर्शदाता
सम्पर्क नं: ९८६६२६६५२७
Email: kraimrg@gmail.com
श्री सुनिता तामाङ, परामर्शदाता
सम्पर्क नं: ९८४१५७५८७६
Email: sunitamang6@gmail.com

## बिषयसूची


| | |
|---|---|
| **बिषयसूची** | **०** |
| **तालिका सूची** | **०** |
| **अनुसूचीहरु** | **०** |
| **भाग – १** | **१** |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ लैससास परीक्षणको महत्व | २ |
| १.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु | २ |
| १.४ लैससास परीक्षणका उद्देश्यहरु | ४ |
| **भाग – २** | **६** |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका बिधि** | **६** |
| २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु | ६ |
| २.२ लैससास परीक्षणको बिधि र तरीका | ६ |
| *२.२.१ दस्तावेज समिक्षा (*Documents Review*)* | ७ |
| *२.२.२ लक्षित समुह छलफल (*Focus Group Discussion*)* | ७ |
| *२.२.३ परीक्षण कार्यशाला गोष्ठी (*Audit Workshop*)* | ७ |
| **भाग – ३** | **१२** |
| **लैससास परीक्षणवाट आएका मूख्य प्राप्तिहरु** | **१२** |
| ३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण | १२ |
| ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति | १३ |
| ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु | १४ |
| ३.४ अवसर र चुनौतिहरु | ४१ |
| *३.४.१ अवसरहरु* | ४१ |
| *३.४.२ चुनौतिहरु* | ४१ |
| ३.५ लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना | ४३ |
| **भाग – ४** | **७०** |
| **निष्कर्ष र सूझावहरु** | **७०** |
| ४.१ निष्कर्ष | ७० |
| ४.२ सूझावहरु | ७० |

# तालिका सूची


तालिका १: लैससास परीक्षणका बिषयक्षेत्रहरु, सूचक र उपसूचकहरु ६
तालिका २: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू ७
तालिका ३: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका ९
तालिका ४: लैससास परीक्षणका मूख्य तथा सहायक बिषय क्षेत्रहरु १०
तालिका ५: लैससास परीक्षणमा प्राप्त अंकहरुको बिवरण १२
तालिका ६: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु १५
तालिका ७: लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना ४३

## अनुसूचीहरु

| अनुसूची नं | बिषयबस्तु |
|---|---|
| **अनुसूची - १** | लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य समुहहरु |
| **अनुसूची - २** | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन बिवरण |
| **अनुसूची - ३** | लैससास उत्तरदायी स्थानीय ऐन नियम र कार्यबिधिहरुको बिवरण |
| **अनुसूची - ४** | लैससास परीक्षण कार्यशालाका सहभागीहरुको हाजिरी बिवरण |

# भाग – १

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१ पृष्ठभूमि

नेपालमा ऐतिहासिक कालदेखि समाज र राज्यको शासन ब्यवस्थामा लैंगिक तथा सामाजिक बिभेद रहेको हुँदा बिभिन्न समयमा राजनिति परिवर्तन र राज्य ब्यवस्था फेरवदल भई आएको बिधितै छ । तर आजसम्म पनि समाजमा रहेको लैंगिक तथा सामाजिक बिभेद तथा बहिष्करणको अवस्था सुधारोन्मुख मात्र रहेको छ र समस्याको पुरा समाधान भैसकेको छैन । यस कारण बि सं २००७ सालको राजनितिक परिवर्तन पछिका संविधानहरुले लैंगिक तथा सामाजिक समानता र समावेशीकरणको लागि मौलिक हकहरुको ब्यवस्था गर्दै आएका छन् । तर यस क्षेत्रमा केही प्रगति भएता पनि अपेक्षित परिवर्तन आउन सकेको छैन । यसकारण नेपालको संबिधान २०७२ ले सामाजिक रुपमा रहेको बिविधताहरु बिचमा एकता, सहिष्णुता र सद्भावलाई सदा कायम राख्ने र वर्गीय, जातीय, भाषिक, धार्मिक, लैंगिक बिभेद र सबै किसिमका बहिष्करण तथा बञ्चितिकरणको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्ने परिकल्पना गरेको छ ।

संविधानको मर्म अनुसार सरकारले बिकासको मूल प्रवाहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकारहरुमा लैससास कार्यान्वयनको बर्तमान अवस्थाको लेखाजोखा गर्ने अभिप्रायले लैससास परीक्षण गर्नु पर्ने ब्यवस्था गरेको छ । स्थानीय तहहरुमा लैससास परीक्षण बिधिवतरुपमा लागु गर्नको लागि संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) तयार गरी उपलब्ध गराएको छ । यस कार्यबिधिको आधारमा गण्डकी प्रदेशका सबै स्थानीय तहहरुमा लैससास परीक्षण कार्य प्रारम्भ गर्नको लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), नदीपुर पोखराले आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको छ । यसै क्रममा यस बरेङ गाउँपालिका, हुग्दिशिर, बागलुङको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ लैससास परीक्षणको महत्व

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले स्थानीय तहहरुमा लैंगिक समानता र सामाजिक समावेशिकरणका सवालहरुमा हालसम्म के कति पहलहरु भएको रहेछ भन्ने बारेमा लेखाजोखा गर्दछ । यस परीक्षणमा स्थानीय सरकारहरुले नीति, कानुन र योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणका सवालहरुको समावेश भए नभएको र भएको भए कुन अवस्थामा रहेको भन्ने बारेमा परीक्षण गरिन्छ । स्थानीय सरकारको संस्थागत संरचनामा लैससासका ब्यवस्थाहरुलाई कार्यान्वयन, मानव संसाधन तथा क्षमता बिकासमा समानुपातिक सहभागिता र लक्षित वर्गलाई प्राथमिकता, सेवा प्रवाह र सुशासनका क्रियाकलापहरुमा लैससासको सवालहरुको सम्बोधनको अवस्थालाई परीक्षण गरिन्छ । सरकारका समग्र क्रियाकलापहरुमा लैससास कार्यान्वयन बारेमा परीक्षण गरिने भएको हुँदा सरकार तथा समाजलाई लैससास सम्वेदनशिल बनाउने कार्यमा यसको महत्वपूर्ण भूमिका रहेको छ ।

यस परीक्षणले स्थानीय सरकारमा लैससास कार्यान्वयनमा सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गर्ने गर्दछ । स्थानीय सरकारहरुमा लैससास परीक्षणले स्थानीय नीति, कानुन र योजनाको तहमा लैससास सम्वेदनशिलता कायम गरी संस्थागत संरचना, जनशक्ति ब्यवस्था तथा क्षमता बिकास, सेवा प्रवाह, र सुशासन तथा जवाफदेहिताका क्रियाकलापहरुमा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी दृष्टिकोण कार्यान्वयन गर्न टेवा पुर्याउछ । लैससास परीक्षणले हरेक स्थानीय तहमा समतामूलक समाजको स्थापना र दिगो शान्ति तथा समृद्धिको शुरुआत हुने अपेक्षा गरिएको छ ।

## १.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु

लैंगिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा रहेका सवालहरुलाई सम्बोधन गर्नको लागि नेपाल सरकारले संविधानमै मौलिक हकहरुको ब्यवस्था गरेको छ । संबिधानको धारा १८ मा समानताको हकको ब्यवस्था भएको छ जसले प्रत्येक ब्यक्तिलाई समान कानुनी हैसियतको सूनिस्चित गरेको छ । यस धारा अनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणवाट बञ्चित नगरिने तथा सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नपाईने ब्यवस्था गरेको छ । सामाजिक वा सांस्कृतिक

दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण, सशक्तिकरण वा बिकासको निम्ति बिशेष ब्यवस्था गर्नु पर्ने ब्यवस्था गरिएको छ ।

यसैगरी संबिधानको धारा ३८ मा महिलाको हकको ब्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेको छ । प्रत्येक महिलालाई सूरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाईएको छ । महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाईने छैन । यी हिंसाजन्य कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने अधिकारको ब्यवस्था छ । राज्यको सबै निकायमा महिलालाई समानुपातिक रुपमा सहभागी हुन पाउने अधिकार सूनिस्चित भएको छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको ब्यवस्था भएको छ । साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको ब्यवस्था भएको छ ।

संबिधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको ब्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा बिपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सूनिस्चित गरिएको छ । संविधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको ब्यवस्था गरिएको छ जसमा प्रत्येक ब्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको ब्यवस्था गरिएको छ । साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिस्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धि समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको ब्यवस्था गरिएको छ । यी धाराहरु बिशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशिल रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकारमा लैससास सम्बन्धी ब्यवस्था रहेको छ । त्यस्तै वडा समितिको काम, कर्तब्य र अधिकार

अन्तरगत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धबिश्वासको अन्त्य गर्ने गराउने ब्यवस्था गरेको छ । साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको बर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको बर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट बिनियोजन र कार्यान्वयनमा जोड दिएको छ ।

यसरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बिषयगत ऐन तथा अन्य कानुनी ब्यवस्थाहरुले लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गरेको छ । यी कानुनी ब्यवस्थाहरुको स्थानीय सरकारमा कार्यान्वयनको अवस्था के छ भन्ने बारेमा लैससास परीक्षणले लेखाजोखा गरी आगामी समयको लागि कार्ययोजना तयार गर्दछ ।

## १.४ लैससास परीक्षणका उद्देश्यहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य नै स्थानीय तहहरुमा लैंगिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने बिभेदहरुको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुबिधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परिक्षण गरी समतामूलक नीति कार्यक्रम, बजेट लागु गर्ने कार्यमा सुझावहरु उपलब्ध गराउने हो । यसको बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको नीति, कानुन, संस्थागत संरचना, जनशक्ति र क्षमता बिकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समुदायहरुको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने ।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरुमा लैंगिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गर्ने ।

ग) लैससास कार्यान्वयनमा सुधार गर्नु पर्ने पक्षकहरुको पहिचान पश्चात सोको कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने ।

घ) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा गर्ने आधार तयार गर्ने ।

ङ) गाउँपालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरुमा लैससास सम्बेदनशित कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरु प्रस्तुत गर्ने ।

# भाग – २

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका बिधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार लैससास परीक्षणमा स्थानीय सरकारको नीति, कानुन र योजना तर्जुमा प्रक्रिया देखि संस्थागत ब्यवस्था, मानव संसाधन, सेवा प्रवाह र सुशासन तथा जवाफदेहिता सम्मका ५ वटा मूल बिषयबस्तुहरु समेटिएका छन् । यस कार्यबिधि अनुसार परीक्षण कार्यमा देहायका पाँच मुल बिषयहरु वा क्षेत्रहरु समेटिएका छन्:

**तालिका १: लैससास परीक्षणका बिषयक्षेत्रहरु, सूचक र उपसूचकहरु**

| क्र सं | बिषय क्षेत्रहरु | सूचक संख्या | उपसूचक संख्या |
|---|---|---|---|
| १ | नीति कानुन र योजना | ३ | २० |
| २ | संस्थागत ब्यवस्था | ५ | २० |
| ३ | मानव संसाधन र क्षमता बिकास | ४ | २० |
| ४ | सेवा प्रवाह | ५ | २० |
| ५ | सुशासन तथा उत्तरदायित्व | ५ | २० |
| | जम्मा | २२ | १०० |

## २.२ लैससास परीक्षणको बिधि र तरीका

नेपाल सरकारले उपलब्ध गराएको स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) बमोजिम स्थानीय सरकारहरुको लैससास परीक्षण हरेक आर्थिक बर्ष नियमित रुपमा गर्नु पर्ने हुन्छ । लैससास परीक्षण निर्वाचित पदाधिकारीहरु सबै कर्मचारीहरुको सहभागितामा स्वमूल्यांकनको तरिकावाट गरिएको थियो । यस परीक्षणमा स्थानीय तहको नीति, कानुन र योजनाहरुको अध्ययन गरिएको थियो । यी नीति, कानुन र योजनाहरुको कार्यान्वयन र नतिजाको अवस्था बारेमा कार्यशालामा छलफल गरिने र सोको प्रमाणहरुको खोजी गरिएको थियो । यसमा लैससास परीक्षकले सहजकर्ताको भूमिका निर्वाह गरिएको थियो । यस क्रममा देहायका क्रियाकलापहरु गरिएको थियो ।

### २.२.१ दस्तावेज समिक्षा (Documents Review)

गाउँपालिकामा गठित लैससास परीक्षण कार्यदलले गाउँपालिकाको दस्तावेजहरु (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, बार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरु, आर्थिक प्रतिवेदनहरु, चौमासिक र बार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिका प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु आदिको संकलन र लैससासको दृष्टिवाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो।

### २.२.२ लक्षित समुह छलफल (Focus Group Discussion)

लैससास परीक्षणको क्रममा गाउँपालिकाका महिला समुहका सदस्यहरु, दलित समुदाय, आदिबासी जनजाति समुदाय, र अन्य बन्चितिकरणमा परेका समुदायका प्रतिनिधिहरुसंग लक्षित समुह छलफल गरिएको थियो। यसको लागि लैससास कार्यान्वयन सम्बन्धि प्रश्नावली तयार गरी छलफल गरिएको थियो।

### २.२.३ परीक्षण कार्यशाला गोष्ठी (Audit Workshop)

लैससास परीक्षण गोष्ठी ३ दिनको आयोजना गरिएको थियो। यस कार्यशाला गाउँपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै बिषयगत शाखाका कर्मचारीहरु र सरोकारवालाहरुको सहभागितामा सञ्चालन गरिएको थियो । यसको सहजीकरण परामर्शदाताहरुवाट गरिएको थियो।

***लैससास परीक्षण कार्यशालाका सहभागीहरु***

लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु सहभागी भएका थिए। लैससास परीक्षण कार्यक्रममा जम्मा २६ जना सहभागीहरु थिए।

**तालिका २: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | गाउँपालिका प्रमुख |
| २ | गाउँपालिका उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | गाउँपालिका वडा अध्यक्षहरु |
| ५ | कार्यपालिकाका महिला सहित सदस्यहरु |

| | |
|---|---|
| ६ | गाउँपालिकाका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | गाउँपालिकाका बिषयगत शाखाका प्रमुखहरू, कर्मचारीहरु |
| ८ | गाउँपालिकाका सबै महिला र लक्षित बर्गका कर्मचारीहरु |

नोटः लैससास परीक्षणमा भएका सहभागीहरु अनुसूची – ३ मा संलग्न गरिएको छ ।

***गोष्ठी संचालन बिधि***

लैससास परीक्षण गोष्ठी ३ दिनको भएको थियो । गोष्ठीको पहिलो दिन गोष्ठीको उद्घघाटन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संबिधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरु, लैससास परीक्षण सम्बन्धी ब्यवस्था आदिमा अभिमूखिकरण गरियो । परीक्षण कार्यको लागि गाउँपालिका उपप्रमुखको नेतृत्वमा ९ सदस्यीय कार्यदल गठन गरिएको थियो । कार्याशाला गोष्ठीमा पाँच वटा मूल बिषयहरुको आधारमा ५ वटा लैससास बिषयगत परीक्षण कार्य-समुह गठन गरिएको थियो । यी लैससास बिषयगत परीक्षण कार्य-समुहहरुले बिषयगतरुपमा सूचक र उपसूचकहरु माथि छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेशण गरी अंक दिने कार्य गरियो । लैससास सुचक तथा उपसुचकहरुमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू दिईयो ।

यसरी दिईएको अंकलाई लैससास परीक्षणको दोश्रो दिन परीक्षण कार्य-समुहहरुले गाउँपालिकाको सम्बन्धित शाखाहरुमा सम्बन्धित दस्तावेजहरुको अवलोकन वा परीक्षण गरेका थिए । परामर्शदाताहरुले सबै समुहहरुलाई आवश्यक सहजीकरण र सहयोग गरेका थिए । यस क्रममा गोष्ठीको सहभागितामूलक परीक्षणवाट दिईएको अंकहरु थपघट गरिएको थियो । उक्त समुहहरुले आफ्नो बिषय क्षेत्रमा रहेका सवल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरुको पनि खोजी गरेका थिए ।

लैससास परीक्षण गोष्ठीको तेस्रो दिन सबै सहभागीहरुको उपस्थितिमा परीक्षणको क्रममा प्राप्त भएको अंकहरु माथि परामर्शदाताहरुवाट पूनः छलफल र मूल्यांकन गरिएको थियो । त्यस पश्चात समुहगतरुपमा सबै कार्य समुहहरुले परीक्षण गरेको नतिजाहरु प्रस्तुत गरिएको थियो । यिनै अंकहरुको आधारमा माकुरेजालोको बिधिवाट गाउँपालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो । सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतिहरु समेत प्रस्तुत गरिएको थियो । परीक्षणका सबै पक्षहरु सम्पन्न भए पश्चात उक्त

बिषयगत परीक्षण कार्य-समुहहरुले आगामी समयमा गर्नु पर्ने सूचकगत कार्यहरु र कार्यान्वयन गरिने समयको बारेमा छलफल गरी कार्ययोजना तर्जुमा गरिएको थियो ।

**तालिका ३: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका**

| दिन | सत्र | समय | क्रियाकलाप |
|---|---|---|---|
| **प्रथम** | प्रथम | १०.०० – ११.३० | गाउँपालिका प्रमुखज्युवाट कार्यक्रम उद्धाटन, परिचय<br>प्रमुख प्रशासकीय अधिकृतवाट स्वागत मन्तब्य<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, लैससास परीक्षण र महत्व |
| | दोश्रो | ११.४५ – १.३० | लैससास परीक्षणको बिधि, प्रक्रिया र सूचकहरु सम्बन्धी अभिमूखिकरण र छलफल |
| | तेश्रो | २.०० – ३.३० | गाउँपालिका उपप्रमुखज्युद्वारा परीक्षण कार्यक्रमको संयोजकको जिम्मेवारी लिने<br>लैससास परीक्षणको कार्य समुह गठन र कार्य जिम्मेवारी बिभाजन |
| | चौथो | ३.३० – ५.०० | कार्य-समूहको समुहगत छलफल र लैससास सहभागितामूलक परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| **दोश्रो** | प्रथम | १०.०० – ११.३० | गाउँपालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | दोश्रो | ११.४५ – १.३० | गाउँपालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | तेश्रो | २.०० – ३.३० | गाउँपालिका उपप्रमुखज्युको संयोजकत्वमा कार्य-समुहवाट लैससासको दस्तावेज परीक्षण र परामर्शदाताहरुद्वारा सहजिकरण |
| | चौथो | ३.३० – ५.०० | कार्य-समुहले परीक्षण गरी बुझाएको नतिजा माथि परामर्शदाताहरुद्वारा पूनः छलफल र मूल्यांकन |
| **तेश्रो** | प्रथम | १०.०० – ११.३० | लैससास परीक्षणको प्रथम मस्यौदा र माकुरेजालो सहभागीहरु बिचमा प्रस्तुतिकरण |
| | दोश्रो | ११.४५ – १.३० | लैससास परीक्षणवाट प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु र अवसर र चुनौतिहरुको बारेमा प्रस्तुतिकरण र छलफल |
| | तेश्रो | २.०० – ३.३० | सुधार गर्नु पर्ने पक्षहरुको पहिचान र कार्ययोजना तर्जुमा |
| | चौथो | ३.३० – ५.०० | कार्ययोजना माथि छलफल र सुधार<br>गाउँपालिका प्रमुखज्युवाट कार्यक्रमको समापन |

*लैससास परीक्षणका बिषयक्षेत्रहरु र अंकभार*

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल बिषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसभित्र २२ वटा सहायक बिषयहरु र अंकभारहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ४: लैससास परीक्षणका मूख्य तथा सहायक बिषय क्षेत्रहरु**

| क्र सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अंकभार |
|---|---|---|
| **क** | **नीति कानुन र योजना** | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | जम्मा | २० |
| **ख** | **संस्थागत ब्यवस्था** | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ |
| | जम्मा | २० |
| **ग** | **मानव संसाधन तथा क्षमता बिकास** | |
| १ | मानव संसाधन तथा क्षमता बिकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धि जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | बिपद ब्यवस्थापनमा समावेशीकरण | ४ |
| | जम्मा | २० |
| **घ** | **सेवा प्रवाह** | |
| १ | पूर्वाधार बिकास | ४ |
| २ | प्रजनन स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ |
| | जम्मा | २० |
| **ङ** | **सुशासन तथा उत्तरदायित्व** | |
| १ | सुशासन | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ |

| | | |
|---|---|---|
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | **कुल जम्मा** | **१००** |

लैससास परीक्षण कार्यबिधि अनुसार माथिको तालिकामा उल्लेखित सहायक बिषयहरुमा जम्मा १०० वटा सूचकहरु तोकिएका छन् । हरेक सूचकको पूर्णाङ्क १ हो । यसमा स्थानीय सरकारका तोकिएका सहभागीहरुसंगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरुको आधारमा अंक प्रदान गरिन्छ । यसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अंक प्रदान गरिएको छ ।

***सबल, कमजोर, अवसर र चुनौति बिश्लेषण (SWOT Analysis)***

लैससास परीक्षण गोष्ठीको अन्तिम दिन परीक्षणको नतिजालाई माकुरेजालोमा प्रस्तुत पश्चात लैससासको बिषयक्षेत्रहरु मध्ये बढी अंक प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरुमा काम भएको प्रष्ट  हुन्छ । साथै कम अंक प्राप्त गरेका क्षेत्रहरुमा कमजोर पक्षहरु वा सुधार गर्नु पर्ने क्षेत्रहरु पहिचान हुन्छ । सूचक र उपसूचकहरुको बिश्लेषण गरी सबल र कमजोर पक्षहरु पहिचान गर्ने कार्य भएको छ ।

अवसर र चुनौतिहरुको हकमा परीक्षणका बिषय क्षेत्रहरुको आधारमा गाउँपालिकामा भएको अवसरहरु र चुनौतिहरुको बारेमा समुहगत संकलन गरेका तथ्यहरुलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो । यसमा सहभागीहले समेत आवश्यक सूझावहरु पेश गरेका थिए ।

***कार्ययोजना तयारी***

लैससास परीक्षणको क्रममा बिषयगत परीक्षण कार्य समुहले उनीहरुको बिषयक्षेत्रमा रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी गाउँपालिकामा भएको हालका अवसर र चुनौतिहरुलाई मध्यनजर गरी आ-आफ्नो बिषय क्षेत्रमा आगामी कार्ययोजना तयार गरेको थिए । उक्त कार्ययोजना माथि गोष्ठीका सबै सहभागीहरुको उपस्थितिमा छलफल र सुधार गरिएको थियो ।

# भाग – ३

# लैससास परीक्षणवाट आएका मूख्य प्राप्तिहरु

## ३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण

यस गाउँपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र बिभिन्न नीतिगत निर्णयहरु, आवधिक तथा बार्षिक कार्यक्रम र बजेट, कार्यान्वयनका पक्षहरु समेतलाई लैंगिक समानता तथा समाजिक समावेशीकरणको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः

**तालिका ५: लैससास परीक्षणमा प्राप्त अंकहरुको बिवरण**

| क्र सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति कानुन र योजना** | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ७ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २ |
| | जम्मा | २० | १५ |
| **ख** | **संस्थागत ब्यवस्था** | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | ३.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | २ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| ४ | बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ३.५ |
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | ४ |
| | जम्मा | २० | १६ |
| **ग** | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| **१** | मानव संसाधन तथा क्षमता बिकास | ८ | ६ |
| **२** | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धि जनचेतना | ४ | २.५ |
| **३** | कानुनी साक्षरता | ४ | २.५ |
| **४** | बिपद ब्यवस्थापनमा समावेशीकरण | ४ | ३ |
| | जम्मा | २० | १४ |
| **घ** | **सेवा प्रवाह** | | |
| **१** | पूर्वाधार बिकास | ४ | ३ |

| | | | |
|---|---|---|---|
| २ | प्रजनन स्वास्थ्य | ४ | ३.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ | ३.५ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ | २.५ |
| | जम्मा | २० | १६.५ |
| **ङ** | **सुशासन तथा उत्तरदायित्व** | | |
| १ | सुशासन | ४ | ३ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २.५ |
| ३ | सूचना तथा सञ्चार | ४ | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ | ३ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | २.५ |
| | जम्मा | २० | १५ |
| | **कुल जम्मा** | **१००** | **७६.५** |

नोटः यसको बिस्तृत बिबरण अनुसूची – २ मा  हेर्नुहोला ।

## ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति



## ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु

यस गाउँपालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरु र जस अन्तरगतका १०० वटा उपसूचकहरुमा आधारित रही परीक्षण गरिएको थियो । गाउँपालिकामा लैससास कार्यान्वयनमा भएको पहललाई प्रमाणहरुको आधारमा तीन किसिमको अवस्थामा बिभाजन गरिएको छ । राम्रो अवस्था भएमा 'सबल', आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी बर्गिकरण गरिएको छ जसवाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरुमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको आगामी जिम्मेवारीको रुपमा रहेको देखिन्छ । यस गाउँपालिकाको लैससास परीक्षणको बिषय क्षेत्रहरुका सूचक तथा उपसूचकहरुको अवस्था र सुधार गर्नु पर्ने पक्षहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु**

| क्र सं | सूचक तथा उपसूचकहरु | वर्तमान अवस्था | अवस्था मापन | गर्नु पर्ने कार्यहरु |
|---|---|---|---|---|
| १ | **नीति कानुन र योजना** | | | |
| १.१ | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको ? | नीति तथा कानुनको तर्जुमा गर्दा लैससासको दृष्टिले तर्जुमा गर्ने कार्यटोली निर्माण गर्ने गरेको । लैससाससंग सम्बन्धित कर्मचारी भएको । लैससासको दृष्टिले कार्य गर्ने गरी समिति गठन भएको । | सबल | यस कार्यलाइ निरन्तरता दिनु पर्ने । |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति कानुन योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको ? | स्थानीय सरकारको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको । | सबल | यस कार्यलाइ निरन्तरता दिनु पर्ने । |
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको/नभएको ? | गाउँपालिकाको स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरुमा लैससास बिकास सम्बन्धी क्षेत्र तथा बिषयहरु समावेश भएको । | सबल | यस कार्यलाइ निरन्तरता दिनु पर्ने । |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समबिकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु | यस क्षेत्रका सवालहरुलाई समाधान गर्न र महिला, पुरुष तथा लक्षित समुदायहरुको बिकासको लागि आंशिक कार्यक्रमहरु मात्र भएको तर आवश्यक | आंशिक | लैससास क्षेत्रमा बिकासको अलग्गै दिर्घकालिन नीति लागु गर्नु पर्ने । गाउँपालिकाले लैससासका |

| | | | | |
|---|---|---|---|---|
| | छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यबिधि र निर्देशिकामा खास ब्यवस्था गरिएको वा नगरिएको) । | स्थानीय कानुनहरु लागु नभएको । | | सवालहरुसंग सम्बन्धित ऐन तथा निर्देशिका लागु गर्नु पर्ने । |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यबिधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान ब्यवस्था गरिएको छ/छैन ? | महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्ने कार्यक्रम भएको तर निर्दिष्ट<br>स्थानीय कानुनी प्राबधान भएको । | सबल | यस कार्यलाइ निरन्तरता दिनु पर्ने । |
| १.१.६ | संघीय कानुनले ब्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको ? | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने ब्यवस्था गरिएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन बिभेदकारी भएको/नभएको ।) | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान औपचारिक क्षेत्रमा भएको तर अनौपचारिक क्षेत्रमा चाहि कानुन नभएको । | आंशिक | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय कानुन लागु गर्नु पर्ने । |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? | गाउँपालिकामा यो समस्या नभएको । | सबल | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.२.१ | आवधिक योजना र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन ? | लैंगिक तथा समावेशी बिकासको लागि नीति कार्यक्रम तय गरेको ।<br>मापनयोग्य उपलब्धि लक्ष्य निर्धारण भएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १.२.२ | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | कूल पूँजीगत बजेटको ७.५ प्रतिशत लक्षित वर्गको लागि छुट्टाइएको तर शैद्धान्तिक रुपमा निश्चित प्रतिशत बजेट बिनियोजनको लागि नीतिगत निणर्य नभएको। | आंशिक | बजेट सिमा निर्धारण गरी महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूजीगत बजेटको निश्चित प्रतिशत बजेट छुट्याउनु पर्ने। |
| १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकिकरणमा पर्ने गरेको/नगरेको ? (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने।) | योजना तर्जुमा प्रक्रियामा लक्षित समुहको सकृय सहभागितामा हुने गरेको।<br>योजना छनौट गर्दा गाउँ बस्तीस्तरबाट आएका योजनाहरुलाई प्राथमिकिकरण गरी योजना तर्जुमा गरिएको। | सबल | यो कार्यलाई निरन्तरता दिनु पर्ने। |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल भए/नभएको ? | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल हुने गरेको र बैठक पुस्तिका समेत उपलब्ध गराएको। | सबल | यो कार्यलाई निरन्तरता दिनु पर्ने। |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको समग्रमा बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको। | आंशिक | आगामी बर्षमा प्रतिवेदन तयार गरी राख्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | सोको प्रतिवेदन तयार नगरेको । | | |
| **१.२.६** | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ? | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण नगरेको । | कमजोर | दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन गर्नुपर्ने । |
| **१.२.७** | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | लक्षित बर्गका लागि कार्यान्वयन भएका योजनाबाट प्रत्यक्ष लाभ पुगेको । | सबल | उक्त कार्यको निरन्तरता दिनु पर्ने । |
| **१.२.८** | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरुलाई जिम्मेवारी दिएको पाईएको । | सबल | उक्त कार्यको निरन्तरता दिनु पर्ने । |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | |
| **१.३.१** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउने (बिश्लेषण) गर्ने गरिएको/नगरिएको ? | बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल हुने गरेको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **१.३.२** | स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण नियमित रुपमा गर्न बजेटको ब्यवस्था गरिएको/नगरिएको ? | गाउँपालिकामा क्षमता बिकास योजना तयार नभएको । लैससास परीक्षण पनि नभएको । | कमजोर | लैससास सम्बेदनशिल क्षमता बिकास योजना तयारी र लागु गर्नु पर्ने ।<br>हरेक आ ब को प्रथम चौमासिकमा लैससास परीक्षण गर्नु पर्ने । |
| **१.३.३** | लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी बिषयमा सुधार गर्न क्षमता बिकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समाबेश गरिएको/नगरिएको ? | लैससास परीक्षण नभएको हुँदा सो सम्बन्धि कार्ययोजना तर्जुमा तथा कार्यान्वयनको लागि बार्षिक योजनामा समावेश नगरिएको । | कमजोर | लैससास परीक्षण गरी आवश्यक कार्यक्रमहरु बार्षिक योजनामा समावेश गर्नुपर्ने । |
| **१.३.४** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बिच भिडान) | गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा लक्षित समूहको लागि बजेट बिनियोजन भएको तर उक्त क्षेत्रमा निश्चित प्रतिशत बिनियोजन गर्ने नीतिगत निर्णय नभएको । | सबल | लक्षित वर्गको लागि कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बिनियोजन गर्ने नीतिगत ब्यवस्था गर्नुपर्ने । |
| २ | **संस्थागत ब्यवस्था** | | | |
| २.१ | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | |
| **२.१.१** | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | यसको लागि स्थानीय नीति तथा काननी प्रावधान लागू नभएको । | आंशिक | महिला र पुरुष कर्मचारी तथा पदाधिकारीहरुको ५०/५० प्रतिशत प्रतिनिधित्वको लागि नीतिगत ब्यवस्था गर्नु पर्ने । |
| **२.१.२** | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच | निजामति सेवा ऐनलाई आधार मानी स्थानीय पदपूर्ती गरिदै आएको । | सबल | गाउँपालिकामा कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, |

| | | | | |
|---|---|---|---|---|
| | समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/ छैन ? | | | वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने नीति कार्यान्वयन गर्नु पर्ने । |
| २.१.३ | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्नको लागि सम्बन्धित वडाका जनप्रतिनिधि र स्थानीय कर्मचारीहरु मार्फत कार्यन्वयन गर्ने गरेको । | सबल | स्थानीय जनप्रतिनिधिकै संयोजकत्वमा महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित भाषा, संस्कृति र रहन सहन बुझेका कर्मचारीहरु सहितको संलग्नता बढाउनु पर्ने । |
| २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको/नलिएको ? | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता बिकास कार्यक्रमहरुमा सहभागि गराउँदा महिला तथा बन्चितिमा परेका समूहहरुलाई पहिलो प्राथमिकता दिने गरी सकारात्मक बिभेदको नीति लागू भएको । | सबल | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता बिकासका अवसर बितरण गर्दा सकारात्मक बिभेदको नीतिलाई ध्यान दिंई कार्यान्वयनमा निरन्तरता दिनु पर्ने । |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | |
| २.२.१ | महिला र पुरुष बिचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | गाउँपालिकाको बार्षिक तथा आवधिक योजनाहरु र नीति तथा कानूनहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणको सवालहरु समाधान गर्न निश्चित रणनीति तथा कार्यनीति लागू भएको । | आंशिक | लैससास कार्यान्वयन रणनीति तयार गरी लागु गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २.२.२ | स्थानीय सरकारमा लैंगिक बिकास हेर्ने ईकाईको ब्यवस्था छ/छैन ? (लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको ब्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | गाउँपालिकामा महिला तथा बालबालिका शाखाले लैससास क्षेत्रलाई हेर्ने गरेको ।<br>लैससास निर्देशक समिति गठन भई संचालनमा रहेको । | सबल | गाउँपालिकामा लैंगिक बिकास हेर्ने छुट्टै ईकाई वा डेस्कको ब्यवस्था गर्ने लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नु पर्ने । |
| २.२.३ | स्थानीय सरकारवाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्ब्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ? | आचार संहिता बनाएको छैन तर गाउँपालिकाको नागरिक बडापत्रमा कुनै पनि प्रकारको दुर्ब्यवहार र भेदभाव नगर्ने एवं महिला हिंसा नियन्त्रण गर्न भनी लेखिएको । | आंशिक | गाउँपालिकाका सबै कार्यालयहरुमा हुन सक्ने सबै प्रकारको दुर्ब्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गर्नु पर्ने । |
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैससास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको/नगरेको ? | लैससास कार्यान्वयन समिति गठन नभएको । | कमजोर | लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नु पर्ने । |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | |
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको/नरहेको ? | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व गराईएको । | सबल | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व गराउने कार्यलाई निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | हालसम्म गठित समिति उपसमितिहरुमा प्रतिनिधित्व गरेका महिला तथा बञ्चितिकरणमा परेका प्रतिनिधिहरुले छलफल र निर्णय कार्यमा स्वस्थ ढंगले भाग लिन पाएको जानकारी पाईएको । | सबल | यस कार्यलाई अझ प्रभावकारी ढंगवाट कार्यान्वयन गर्नु पर्ने । |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | गाउँपालिकाका समिति उपसमितिहरुले कार्यक्रम अनुगमनको क्रममा महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी नीतिगत र कार्यगत सुझाव मौखिक रुपमा गरेको ।<br>लिखित सुझाव दिने र अभिलेखिकरण गर्ने कार्य नभएको । | आंशिक | यस्ता समितिहरुले लैससास कार्यान्वयन सम्बन्धमा दिएका सूझावहरु लिखित रुपमा संकलन गरी राख्नु पर्ने । |
| २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | यस्ता समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन आंशिक रुपमा भएको । | आंशिक | यस्ता समितिहरुले लैससास कार्यान्वयन सम्बन्धमा दिएका सूझावहरु लिखित रुपमा संकलन गरी राख्ने र सुझावहरुको कार्यान्वयन गर्नु पर्ने । |
| २.४ | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | | |
| २.४.१ | स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध, महिला सिप बिकास नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | यस गाउँपालिकाले लक्षित बर्गका लागि क्षमता बिकास तालिम कार्यक्रमहरु सञ्चालन भएको ।<br>सोको लागि छुट्टै कोषको स्थापना र सञ्चालन पनि भएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **२.४.२** | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको बिकास र सशक्तिकरणको लागि बजेटको ब्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | महिला तथा लक्षित समुदायको बिकास र सशक्तिकरणको लागि कार्यक्रमहरुमा बजेट बिनियोजन भएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| **२.४.३** | के स्थानीय सरकारमा लैंगिक डेस्कको बिकासको र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको ब्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | गाउँपालिकामा महिला तथा बालबालिका शाखा स्थापना भएको र त्यही शाखाले लैंगिक डेस्कको कार्य गरेको ।<br>लैंगिक डेस्क तथा कर्मचारीको क्षमता बिकासको लागि कार्यक्रमहरु पहिचान नगरिएको । | आंशिक | लैंगिक डेस्क तथा कर्मचारीको क्षमता बिकासको लागि कार्यक्रमहरु पहिचान तथा कार्यान्वयन गर्नु पर्ने । |
| **२.४.४** | स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ? | गाउँपालिकाले समावेशी सूचना प्रणाली लागु गरेको ।<br>कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धि सूचना दिने गरेको । | सबल | गाउँपालिकामा लागु भएको समावेशी सूचना प्रणालीलाई निरन्तरता दिनु पर्ने । |
| **२.५** | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | | |
| **२.५.१** | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्यांक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाईल | गाउँपालिका प्रोफाईल तयार गरी (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) समुदायस्तरका आधारभूत खण्डिकृत सूचना एवं तथ्यांक संकलन र ब्यवस्थापन गरेको । | सबल | यस्ता समुदायस्तरका आधारभूत खण्डिकृत सूचना वा तथ्यांक बार्षिक रुपमा अध्यावधिक गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २.५.२ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्यांक संकलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको/नगरेको (गाउँ/नगर प्रोफाईल) | गाउँपालिका प्रोफाईल तयार गरी समुदायस्तरका आधारभूत खण्डिकृत सूचना वा तथ्यांकमा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने कार्य भएको। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने। |
| २.५.३ | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय बिकास योजना तर्जुमा गर्ने गरेको छ ? | गाउँपालिकाले स्थानीय बिकास योजना तर्जुमा गर्दा पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार लिने गरेको। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने। |
| २.५.४ | स्थानीय सरकारले आफ्नो क्षेत्रको सामाजिक सूरक्षा पाउँनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरेको/नगरेको ? | गाउँपालिकाका सामाजिक सुरक्षा पाउनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क MIS प्रणालीको माध्यमबाट अध्यावधिक राख्ने गरिएको। | सबल | गाउँपालिकाका सामाजिक सूरक्षा पाउनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने कार्यमा निरन्तरता दिनु पर्ने। |
| **३.** | **मानव संसाधन तथा क्षमता बिकास** | | | |
| **३.१** | **मानव संसाधन तथा क्षमता बिकास** | | | |
| ३.१.१ | लैंगिक तथा समावेशी बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट बिनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यबिधि स्वीकृत भई कार्यान्वयनमा आएको/नआएको ? | यसको लागि छुट्टै शिर्षकमा बजेट बिनियोजन गरी खर्च कार्यबिधि स्वीकृत भई कार्यान्वयन भएको। | सबल | यस कार्यलाई निरन्तरता गर्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ३.१.२ | स्थानीय सरकारका पदाधिकारी/ कर्मचारीहरुले लैंगिक तथा समावेशी बिकास, लैंगिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको/नगरिएको ? | कर्मचारीहरुले तालिम प्राप्त गरेको तर जनप्रतिनिधिहरुले तालिम प्राप्त गर्न बाँकी रहेको । | आंशिक | जनप्रतिनिधिहरुलाई तालिमको ब्यवस्था गर्नु पर्ने । |
| ३.१.३ | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग नभएको र साथै महिलाका आवश्यकता समेट्ने र तालिमको गुणस्तरीय सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने नगरिएको । | सबल | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग गर्ने ।<br>महिलाका आवश्यकता समेट्ने किसिमका तालिम दिने र गुणस्तर तथा सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिनु पर्ने । |
| ३.१.४ | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट बिनियोजन गरिएको छ/छैन ? | सबै पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) आंशिक कार्यक्रम गरिएको । | आंशिक | पदाधिकारीहरुको क्षमता अभिबृद्धिका तालिम तथा अवलोकन भ्रमण गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **३.१.५** | के स्थानीय सरकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (बिषयगत तालिम प्राप्त जनशक्ति संख्या) | गाउँपालिकामा लैससास सम्बन्धि तालिम दिन र कार्यक्रमलाई कार्यान्वयन गर्ने सक्ने थोरै मात्र जनशक्ति रहेको । | आंशिक | गाउँपालिकाले लैससास तालिम तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक जनशक्तिको किसिम र संख्या अनुमान गरी आवश्यक क्षमता बिकास तालिम र कार्यक्रमहरु गर्नु पर्ने । |
| **३.१.६** | के स्थानीय सरकारमा मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था छ ? | गाउँपालिकामा मानव संसाधन बिकास केन्द्रको छुट्टै स्थापना नगरिएको उक्त शाखाको जिम्मेवारी प्रशासन शाखाले नै गर्ने गरिएको । | सबल | गाउँपालिकामा मानव संसाधन बिकास केन्द्र स्थापना गर्नु पर्ने । |
| **३.१.७** | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको ? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | लोकसेवा तयारी कक्षा संचालन गरिएको ।<br>बिद्यालयमा राष्ट्रसेवक कार्यक्रम संचालन भएको ।<br>हेल्लो लोकसेवा हाजिरी कार्यक्रम संचालन भएको । | सबल | यस कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । |
| **३.१.८** | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमूखिकरण गरिएको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | वेईजिङ घोषणापत्रका १२ वटा प्रतिवद्धताका बारेमा केही कर्मचारीहरुलाई मात्र जानकारि भएको ।<br>वेईजिङ घोषणापत्र सम्बन्धमा स्थानीय पदाधिकारी तथा कर्मचारीलाई अभिमूखिकरण नगरिएको । | आंशिक | वेईजिङ घोषणापत्र सम्बन्धमा स्थानीय पदाधिकारी तथा कर्मचारीलाई अभिमूखिकरण कार्यक्रम गर्नु पर्ने । |
| **३.२** | **अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धि जनचेतना** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.२.१ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | गत आ ब मा महिला हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा बजेट बिनियोजन गरी ८ वटा कार्यक्रमहरु सम्मपन्न भएको । | सबल | महिला हिंसा बिरुद्धको सचेतनामूलक कार्यक्रमहरु बजेट बिनियोजन गरी कार्यक्रम निरन्तर गर्नु पर्ने । |
| ३.२.२ | लैंगिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाएको छ ? (घटेको घट्ना संख्या र लिईएको निर्णय) | लैंगिक हिंसा रहित गाउँपालिका घोषणा नभएको । महिला हिंसा बिरुद्ध शुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति लागु नभएको । | आंशिक | लैंगिक हिंसा रहित गाउँपालिका घोषणाको लागि कार्यक्रमहरु गर्नु पर्ने । महिला हिंसा बिरुद्ध शुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कानुन तयार गरी लागु गर्नु पर्ने । |
| ३.२.३ | स्थानीय सरकारले महिला बिरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चानल गर्ने गरेको छ ? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | महिला हिंसा निर्मुल गर्ने कार्यक्रममा बजेट बिनियोजन गरी कार्यक्रम सञ्चालन भएको तर बस्ती स्तरसम्म कार्यक्रम नपुगेको । | आंशिक | महिला हिंसा निर्मुल गर्ने कार्यक्रममा बजेट बिनियोजन गरी निरन्तर सञ्चालन गर्नु पर्ने ।<br>बस्ती स्तरसम्म कार्यक्रम लैजाने । |
| ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु सञ्चालन गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | स्थानीय स्तरमा उल्लेखित सामाजिक कुसस्कारहरु निर्मुल गर्नको लागि सचेतनामूलक तालिमहरु कार्यान्वयन गरेको तर बस्ती स्तरसम्म नपुगेको । | आंशिक | स्थानीय स्तरमा उल्लेखित सामाजिक कुसंस्कारहरु निर्मुल गर्नको लागि सचेतनामूलक तालिमहरु निरन्तर सञ्चालन गर्नु पर्ने साथै कार्यक्रमलाई बस्ती स्तरसम्म लैजानु पर्ने । |
| ३.३ | **कानुनी साक्षरता** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समुहवाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, बिषयगत कानुनहरु पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण गर्ने गरेको/नगरेको ? | गाउँपालिकाका पदाधिकारीलाई संघवाट जारी भएका उल्लेखित ऐन कानुनहरु सम्बन्धमा अभिमूखिकरण थोरै मात्र भएको छ ।<br>गाउँपालिकाले स्थानीय रुपमा पारित गरी लागु गरेका ऐन नियमहरुको अभिमूखिकरण गर्न बाँकी छ । | आंशिक | गाउँपालिकाका पदाधिकारीलाई संघवाट जारी भएका उल्लेखित ऐन कानुनहरु सम्बन्धमा यथेष्ट अभिमूखिकरण तथा तालिमको ब्यवस्था गर्नु पर्ने ।<br>गाउँपालिकाले स्थानीय रुपमा पारित गरी लागु गरेका ऐन नियमहरुको अभिमूखिकरण कार्यक्रम गर्नु पर्ने । |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण गर्ने गरेको/नगरेको ? | यस सम्बन्धमा गाउँपालिका सदस्यहरु, प्रमूख प्रशासकीय अधिकृत र सबै शाखाका प्रमूखहरु जानकार छन् ।<br>तर यस सम्बन्धि अभिमूखिकरण कार्यक्रम नभएको । | आंशिक | कार्यपालिका र गाउँसभाका सदस्यहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया समय समयमा अभिमूखिकरण कार्यक्रम गर्नु पर्ने । |
| ३.३.३ | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन् ? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | गाउँपालिकाले महिलाहरुको लागि कानुनी शिक्षा कार्यक्रमहरु सञ्चालन गरेको छ तर यथेष्ट नभएको । | आंशिक | महिलाहरुको लागि कानुनी शिक्षा कार्यक्रम वडा तथा बस्ती स्तरमा सञ्चालन गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **३.३.४** | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनवाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | महिलाहरुको लागि सञ्चालन भएका कानुनी शिक्षावाट महिलाहरु लाभान्वित भएको। | सबल | महिलाहरुको लागि सञ्चालन भएका कानुनी शिक्षा वडा र टोल स्तरमा कार्य गर्नु पर्ने। |
| ३.४ | **बिपद ब्यवस्थापनमा समावेशीकरण** | | | |
| **३.४.१** | स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यबिधि स्वीकृत गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको ? | स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी कार्यबिधि बनेको।<br>महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग यथेष्ट परामर्श नभएको।<br>कार्यबिधिमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान स्पष्ट नदेखिएको। | आंशिक | कार्यबिधिमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान स्पष्ट ब्यवस्था गर्नु पर्ने। |
| **३.४.२** | स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको/नगरेको ? | बिपद सम्बन्धी तथ्यांक ब्यवस्थापन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको। | सबल | यस कार्य निरन्तरता दिनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ३.४.३ | समुदायमा आधारीत बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गरेको/नगरेको ? | बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई पहिलो प्राथमिकता राखी कार्य गरेको । | सबल | यस कार्यमा निरन्तरता दिनु पर्ने । |
| ३.४.४ | बिपद ब्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको ? | गाउँपालिकामा बिपद ब्यवस्थापन कोषको स्थापना र सञ्चालन भएको ।<br>स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने कार्य आंशिक भएको । | आंशिक | बिपद ब्यवस्थापन कोषको स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने कार्य गर्नु पर्ने । |
| ४. | **सेवा प्रवाह** | | | |
| ४.१ | **पूर्वाधार बिकास** | | | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपांगता भएका ब्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधान सहित हुने गरेको/नगरेको ? | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा लैंगिक, बाल र अपांग मैत्री संरचनाको प्रावधान सहित हुने गरेको । | सबल | स्थानीय सरकारका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु कार्यान्वयनमा निरन्तरता गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपांगता भएका ब्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणवाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | गाउँपालिका तथा अन्य सार्वजनिक नयाँ भवनहरु मात्र महिला अपांगता भएको ब्यक्ति र बालमैत्री भएको ।<br>पुराना भवनहरु यस्तो नभएको । | आंशिक | स्थानीय सरकारका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु लागु गर्नु पर्ने । |
| ४.१.३ | स्थानीय तहले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपांगता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणवाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ? | यो नीति लागु नभएको । | आंशिक | गाउँपालिकाले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन र संरचना लैंगिक, अपांगता र बालमैत्री हुनु पर्ने नीति लागु गर्नु पर्ने । |
| ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक उर्जा स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको ? | गाउँपालिकाले महिला तथा लक्षित समुदायलाई गोबर ग्याँस र सुधारिएको चुलो बितरण कार्यक्रमहरु सञ्चालन भएको छ । | सबल | यस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा कार्यान्वयन गर्नु पर्ने । |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | | |

| | | | | |
|---|---|---|---|---|
| **४.२.१** | गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको/नभएको ? | गर्भवती महिलालाई जोखिमयूक्त काममा नलगाउने र महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु जस्तै पोसिलो झोला बितरण, जानकारी लिफलेट, गर्भावस्थामा भएको बच्चाले बाबालाई लेखेको पत्र, वडास्तरमा गर्भवती जाँच गर्न भिडियो एक्सरेको ब्यवस्था गरिएको । | सबल | गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने र महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई थप बिस्तार गर्नु पर्ने । |
| **४.२.२** | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था र सोको ब्यवस्थापन गरिएको छ/छैन ? | स्वास्थ्य चौकीहरुमा चाँही बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको ब्यवस्था गरेको । गाउँपालिका भवनहरु र सार्वजनिक स्थलहरुमा बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको ब्यवस्था नगरिएको । | आंशिक | सार्वजनिक स्थल र संस्थाहरुमा बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको ब्यवस्था गर्नु पर्ने । |
| **४.२.३** | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ? | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन भएका । | सबल | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन निरन्तर गर्नु पर्ने । |
| **४.२.४** | महिला, गरीब, निमूखा र बञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | गाउँपालिकावाट महिला तथा लक्षित समुदायका नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम भएको । | सबल | आगामी बर्षहरुमा निरन्तरता दिनु पर्ने । |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने प्रबन्ध मिलाए/नमिलाएको ? | बिद्यार्थी भर्ना अभियानद्वारा बालबालिकालाई बिद्यालयमा भर्ना गर्ने कार्य भएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा बञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउँन छात्रबृत्तिको ब्यवस्था गरी निष्पक्ष बितरण हुने प्रवन्ध मिलाए/नमिलाएको ? | लक्षित बर्गका बालबालिकालाई बिद्यालयमा दिवा खाजा निशुल्क पाठ्य पुस्तक शैक्षिक सामाग्री एवं छात्रबृत्तिको ब्यवस्था भएको ।<br>आर्थिक अवस्था कमजोर भएको र अभिभावक बिहिन ४६ जना बालबालिकाको शिक्षाको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिएको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन भए नभएको ? (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि) (कार्यक्रम संख्या पटक तथा सहभागी संख्या) | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन भएको । जस्तै किशोरी शिक्षा कार्यक्रम साक्षर गाउँपालिका घोषणा कार्यक्रमहरु भएको । | सबल | निरन्तर सञ्चालन गर्दै लैजाने । |
| ४.३.४ | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको ? | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय ब्यवस्था भएको ।<br>किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको । | सबल | यस कार्यलाई निरन्तरता दिने । |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भए/ नभएको ? | गाउँपालिका र वडामा सफा पिउने पानी, हात धुने ब्यवस्था र स्यानिटाईजरको ब्यवस्था भएको । गाउँपालिका र वडाहरुमा महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था भएको । | सबल | यस कार्यलाई निरन्तरता दिने । |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | गाउँपालिका खुला दिशामुक्त घोषणा भएको । सबै घरमा शौचालय छन् । टोल सरसफाई कार्यक्रम निरन्तर सञ्चालनमा रहेको । खानेपानीको मुल संरक्षण कार्यहरु सञ्चालनमा रहेको । | सबल | स्थानीय समुदाय तथा आमा समूहको सक्रियतामा टोल सरसफाई, पानीको मुल संरक्षण जस्ता कार्यक्रमहरु निरन्तर कार्यान्वयन गर्नु पर्ने । |
| ४.४.३ | कुहिने नकुहिने घरायासी फोहर छुट्याउने ब्यवस्था, फोहर संकलन तथा बिसर्जन, घरघरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको ? | फोहर संकलन गर्ने ब्यवस्था भएको । फोहर बिसर्जन घरधनी आफैले गर्ने  गरेको । फोहरको संकलन र करेसावारीमा प्रयोग गर्ने गरेको । प्लाष्टिक, सिसाजन्य फोहोरहरुलाई ब्यवस्थापन गर्न नसकिएको । | आंशिक | फोहोर संकलनमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्नु पर्ने । प्लाष्टिक र सिसाजन्य फोहोरहरुलाई ब्यवस्थापनको लागि बजेट बिनियोजन गर्नु पर्ने । |
| ४.४.४ | महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज ब्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, पराम्परागत ईनार र कुवाको पूनर्जिवीकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/ नगरेको ? | गाउँपालिकाको अधिकांश घरधुरीहरुमा एक घर एक धाराको ब्यवस्था भएको । खानेपानी मुहानको संरक्षण गरिएको । परम्परागत पोखरी संरक्षण गरिएको । | सबल | गाउँपालिकाको अधिकांश घरधुरीहरुमा एक घर एक धाराको ब्यवस्थामा निरन्तरता दिनु पर्ने । खानेपानी मुहान परम्परागत पोखरी संरक्षण गर्ने कार्यमा निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन** | | | |
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | अनलाईन सिस्टमबाट तथ्यांक लिएर बेरोजगार तथा गरीबीको नक्सांकनको आधारमा स्थानीय योजना तयार गरी महिला तथा लक्षित वर्गका समुदायलाई लघु उद्यम बिकास कार्यक्रम, महिला तथा लक्षित समुह रोजगारका कार्यक्रमहरु, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमहरु कार्यान्वयन भएको । | सबल | महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु आवश्यकताको आधारमा तयार गरी कार्यान्वयन निरन्तर रुपमा गर्नु पर्ने । |
| ४.५.२ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायको क्षमता बिकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको ? (कार्यक्रम संख्या र उपस्थिति) | हालसम्म यस गाउँपालिकामा बैदेशिक रोजगारमा जाने महिलाहरुको संख्या एकदमै न्यून रहेकोले बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि क्षमता बिकासको लागि कार्यक्रम गर्नु परेको छैन । | आंशिक | आवश्यक्तालाई हेरी कार्यक्रम बनाउने । |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सूचकांक) ? | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) को लागि छात्रवृत्ति दिने गरिएको । | सबल | यस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा गर्नु पर्ने । |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको ब्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ? | यस गाउँपालिकामा सुपथ मूल्य सहकारी सञ्चालन कार्यक्रम छैन । | कमजोर | यस गाउँपालिकामा सुपथ मूल्य सहकारी सञ्चालन गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **५.** | **सुशासन तथा उत्तरदायित्व** | | | |
| **५.१** | **सुशासन** | | | |
| **५.१.१** | स्थानीय तहले स्थानीय सेवा प्रवाह, बिकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभावाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीवाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ? | गाउँ सभा र कार्यपालिकाका निर्णयवाट पास भएका नीति, कार्यक्रम र बजेटवाट अख्तियारी प्राप्त गरी कार्यान्वयन हुने गरेको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| **५.१.२** | स्थानीय तहले बिधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको/नल्याएको ? | गाउँपालिकाले बिधिको शासन ब्यापक जनसहभागिता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको । | सबल | यी नीतिहरु अध्यावधिक गरी लागु गर्नु पर्ने । |
| **५.१.३** | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | बेईजिङ घोषणापत्रका १२ बुँदाहरुभित्र रही कार्यक्रम गरिएको जस्तै: लक्षित वर्गलाई विभिन्न तालिमहरु, उमेर चौरासी कार्यक्रम आदी । | आंशिक | बेईजिङ घोषणापत्रका १२ वटा बुँदाहरु उल्लेख गरी स्थानीय कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्नु पर्ने । |
| **५.१.४** | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजना गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | बाल अधिकार सम्बन्धि महासंन्धिले निर्धारण गरेका नीतिहरु गाउँपालिकाको नीति ऐन तथा कार्यबिधिमा समावेश भएको र आंशिक कार्यान्वयनको रुपमा रहेको । | आंशिक | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ का कार्यक्रमहरुमा रकम बिनियोजना गरी कार्यक्रमहरु गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | | | |
| **५.२.१** | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको/ नगरेको ? | चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिएको । सूचनाहरु वेवसाइट फेसबुक पेज आधिकारिक पत्रिका मार्फत सम्प्रेषण गर्ने गरिएको । सामाजिक परीक्षण र सार्वजनिक परीक्षण नभएको । | आंशिक | सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्नु पर्ने । |
| **५.२.२** | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | उक्त कार्यक्रमहरुको लागि सबै नागरिकहरुलाई निमन्त्रणा गरिएको । महिला तथा बञ्चितिकरणमा परेका समुदायको उपस्थिति पूर्ण रुपमा नभएको । | आंशिक | गाउँपालिकाले सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईमा महिला तथा बञ्चितिकरणमा परेका समुदायवाट पूर्ण उपस्थिति गराउनु पर्ने । |
| **५.२.३** | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका बिषयमा आवाज उठ्ने गरेको/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारवाट सम्वोधन हुने गरे/नगरेको ? | यी गुनासा र सुझावहरुको कार्यान्वयन आंशिक रुपमा भएको । | आंशिक | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका बिषयमा प्राप्त गुनासा र सुझावहरु कार्यान्वयन गर्नु पर्ने । |
| **५.२.४** | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको ? | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको । | सबल | आचार संहिताको पालनामा निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५.३ | **सूचना तथा सञ्चार** | | | |
| ५.३.१ | स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको ? | बार्षिक नीति तथा कार्यक्रम गाउँसभावाट पास भए पछि सम्पूर्ण गाउँपालिकाबासीलाई सूचना गरी बजेट तथा कार्यक्रम सार्वजनिकीकरण गर्ने गरिएको । | सबल | बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने कार्यलाई नियमित रुपमा गर्नु पर्ने । |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | यस गाउँपालिकामा स्थानीय भाषा नै नेपाली भाषा भएकोले नेपाली भाषामा नै सम्पूर्ण सूचना प्रवाह तथा प्रशारण गर्ने गरेको । | सबल | सूचना प्रशारण कार्यलाई निरन्तरता दिनु पर्ने । |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ ? | स्थानीय सञ्चार माध्यमहरुवाट लैससास बिकास सम्बन्धी सूचनाहरु प्रवाह गर्ने गरेको । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| ५.३.४ | के स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको छ ? (आधार तथ्यांकसंग समेत तुलना गर्न सकिने) | स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको । | सबल | निरन्तरता दिनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५.४ | **अनुगमन र मूल्यांकन** | | | |
| ५.४.१ | के कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ? | कार्यक्रम तथा परियोजनाको कार्यान्वयनवाट कार्ययोजना तथा नीति निर्माणमा सम्बन्धित समुदायले लाभ लिएको छ तर पनि पूर्ण लाभ लिन नसकिएको गुनासो रहेको। | आंशिक | कार्यक्रम तथा परियोजनाको कार्यान्वयनवाट कार्ययोजना तथा नीति निर्माणमा सम्बन्धित समुदायले पूर्ण लाभ लिने बातावरणको सिर्जना गर्नु पर्ने। |
| ५.४.२ | के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लैंगिक समानता तथा सामाजिक समावेशी बिकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरिन्छ ? | अनुगमन र मूल्यांकन गरिए पनि लाभ र असरको बिश्लेषण नभएको। | आंशिक | आयोजना र कार्यक्रमले पुग्ने असर र प्रभावको मूल्यांकन गरिनु पर्ने। |
| ५.४.३ | के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग, आदिबासी, जनजाति, दलित, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने। |
| ५.४.४ | के अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | अनुगमन र मूल्यांकनवाट प्राप्त प्रतिवेदनका आधारमा आगामी कार्यक्रमलाई तयार गरी त्यसको अनुभवका आधारमा योजना तयार गरिएको। | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने। |
| ५.५ | **समन्वय र सम्बन्ध बिस्तार** | | | |

| | | | | |
|---|---|---|---|---|
| **५.५.१** | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको ? | समन्वय र साझेदारीमा कार्यक्रमहरु गर्ने गरिएको छ । | सबल | यस कार्यलाई निरन्तरता दिनु पर्ने । |
| **५.५.२** | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल सदस्य बनी कार्यगत छलफल तथा यस क्षेत्रको बिकासको लागि नियमितरुपमा कार्य हुने गरे/नगरेको ? | लैससास पूरा सञ्जाल नभएको । जस्तै: आदीबासी जनजाति संघ, दलित संघ, अपाङ्ग संघ मात्र भएको अन्य सरोकारवाला गैर सरकारी संघसंस्थाहरुलाई नसमेटिएको । | आंशिक | लैससास सम्बन्धी कार्य गर्ने निकायहरु र सरोकारवालाहरु बिच लैससास कार्यान्वयन सञ्जाल गठन गरी परिचालन गर्नु पर्ने । |
| **५.५.३** | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी बिकास सम्बन्धी क्षमता बिकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको ? | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी बिकास सम्बन्धी क्षमता बिकास तालिमहरु प्रदान गर्ने नगरेको । | आंशिक | लैससास सम्बन्धी कार्य गर्ने निकायहरु र सरोकारवालाहरु बिच लैससास कार्यान्वयन सञ्जाल गठन गरी क्षमता बिकास तालिम कार्यक्रमहरु गर्नु पर्ने । |
| **५.५.४** | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुमा रकम बिनियोजन भएता पनि ठ्याक्कै रा. सु. प. भनी नतोकिएको । | आंशिक | यी कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्नु पर्ने । |

## ३.४ अवसर र चुनौतिहरु

यस बरेङ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा देखिएका अवसर र चुनौतिहरुलाई देहाय अनुसार रहेका छन्:

### ३.४.१ अवसरहरु

क) यस गाउँपालिकामा गतका निर्वाचित पदाधिकारीहरुको पालामा अधिकांश स्थानीय नीति ऐन तथा कार्यबिधिहरु तयार भैसकेकोले तुरुन्त कार्यान्वयनको पहल गर्न सहज रहेको छ ।

ख) यस गाउँपालिकामा कुल जनसंख्यामा अधिक प्रतिशत जनजाति र दलित समुदायको रहेको र अधिकांश निर्वाचित पदाधिकारीहरु सोही समुदायवाट आएको हुँदा लैससासका सवालहरु सम्बोधन गर्ने किसिमका कार्यक्रमहरु योजनामा समावेश गर्न र कार्यान्वयन गर्न अझ सहजता रहेको छ ।

ग) गाउँपालिकाको आवधिक योजना बनिसकेको हुनाले सो आवधिक योजना अनुसार लैससासको क्षेत्रमा बिशेष ध्यान दिई कार्यान्वयन गर्दा धेरै प्रभावकारी हुनेछ ।

घ) गाउँपालिकाका कर्मचारीहरुको संख्या सीमित रहेता पनि अधिकांश कर्मचारीहरु आदिबासी जनजाति समुदायको भएका र सबैजना प्रबिधिमैत्री सेवा प्रवाहमा सक्षम रहेको हुँदा लैससास सम्बन्धि अवधारणा र कार्यक्रमहरु छिटो छरितो रुपमा कार्यान्वयन हुने अवसर छ ।

ङ) यस गाउँपालिकामा लैससासको क्षेत्रमा अधिकांश ऐनहरु निर्माण भई पारित भई लागु गरिसकेकोले यसलाई निरन्तरता दिँदा लैससास क्षेत्रमा धेरै कार्यहरु कार्यान्वयन हुने सम्भावना देखिएको छ ।

### ३.४.२ चुनौतिहरु

क) गाउँपालिकाका नवनिर्वाचित पदाधिकारीहरु लैससासको अवधारणा कार्यान्वयनको लागि पूर्ण रुपमा जानकार नभएको हुँदा यसको कार्यान्वयनमा केही लामो समय लाग्ने सम्भावना रहेको छ ।

ख) यहाँका आम नागरिकहरुलाई लैससाससंग सम्बन्धित कानुनी ब्यवस्थाहरु सम्बन्धमा जानकारी दिन केही बढी समय र बजेटको खाँचो रहेको देखिन्छ । आन्तरिक आयश्रोत अति न्यून भएकोले यस क्षेत्रका कार्यक्रमहरु सम्पादनमा पनि केही चुनौति रहेको पाईएको देखिन्छ ।

ग) यस गाउँपालिकाको भौगोलिक बिकटताको कारणले लैससास सम्बन्धि सम्पादन हुने कार्यक्रमहरुको अनुगमनमा चुनौति रहेको छ ।

घ) यस गाउँपालिकामा लैससास बिकासको लागि स्थानीय नागरिकहरुमा सो सम्बन्धमा सचेतनाको कमी रहेको हुँदा उनीहरुलाई सचेत र जानकार तुल्याउन चुनौति देखिएको छ ।

## ३.५ लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना

**तालिका ७: लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना**

| क्र सं | सूचक तथा उपसूचकहरु | आगामी कार्यहरु | जिम्मेवार शाखा | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|
| | | | | | पर्ने | नपर्ने |
| १ | **नीति कानुन र योजना** | | | | | |
| १.१ | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको ? | यस कार्यलाइ निरन्तरता दिने। | प्रशासन शाखा बिधायन समिति | | | √ |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति कानुन योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको ? | यस कार्यलाई निरन्तरता दिने। | प्रशासन शाखा | | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको/नभएको ? | यस कार्यलाइ निरन्तरता दिने । | प्रशासन शाखा | | | √ |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समबिकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यबिधि र निर्देशिकामा खास ब्यवस्था गरिएको वा नगरिएको) । | लैससास क्षेत्रमा बिकासको अलग्गै दिर्घकालिन नीति लागु गर्नु पर्ने । गाउँपालिकाले लैससासका सवालहरुसंग सम्बन्धित ऐन तथा निर्देशिका लागु गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यबिधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान ब्यवस्था गरिएको छ/छैन ? | यस कार्यलाइ निरन्तरता दिने । | प्रशासन शाखा | | | √ |
| १.१.६ | संघीय कानुनले ब्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको ? | यस कार्यलाई निरन्तरता दिने । | प्रशासन शाखा | | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१.१.७** | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन बिभेदकारी भएको/नभएको ।) | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय कानुन लागु गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| **१.१.८** | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? | | | | | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| **१.२.१** | आवधिक योजना र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन ? | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | | | √ |
| **१.२.२** | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूजीगत बजेटको निश्चित प्रतिशत बजेट छुट्याउने नीतिगत ब्यवस्था कार्यान्वयन गर्ने । | योजना शाखा | आ ब २०७९/८० असार | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकिकरणमा पर्ने गरेको/नगरेको ? (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | यो कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० बैशाख - असार | | √ |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल भए/नभएको ? | यो कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० | | √ |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने । | योजना शाखा | आ ब २०७९/८० बैशाख - असार | | √ |
| १.२.६ | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ? | दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन गर्ने । | योजना शाखा | आ ब २०८०/८१ बैशाख - असार | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | यस कार्यको निरन्तरता दिने । | योजना शाखा | | | √ |
| १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | यस कार्यको निरन्तरता दिने । | योजना शाखा | | | √ |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउने (बिश्लेषण) गर्ने गरिएको/नगरिएको ? | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० बैशाख - असार | | √ |
| १.३.२ | स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण नियमित रुपमा गर्न बजेटको ब्यवस्था गरिएको/नगरिएको ? | लैससास सम्बेदनशिल क्षमता बिकास योजना तयारी र लागु गर्ने ।<br>हरेक आ ब को प्रथम चौमासिकमा लैससास परीक्षण गर्ने । | सा बि शाखा र म बा शाखा | हरेक आ ब मा | √ | |
| १.३.३ | लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी बिषयमा सुधार गर्न क्षमता बिकास कार्ययोजना | लैससास परीक्षण गरी आवश्यक कार्यक्रमहरु बार्षिक योजनामा समावेश | सा बि शाखा र म बा शाखा | हरेक आ ब मा | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समाबेश गरिएको/नगरिएको ? | गर्ने । | | | | |
| **१.३.४** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बिच भिडान) | लक्षित वर्गको लागि कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बिनियोजन गर्ने नीतिगत ब्यवस्था गर्ने । | योजना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २ | **संस्थागत ब्यवस्था** | | | | | |
| २.१ | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | | | |
| **२.१.१** | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | महिला र पुरुष कर्मचारी तथा पदाधिकारीहरुको ५०/५० प्रतिशत प्रतिनिधित्वको लागि नीतिगत ब्यवस्था गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० | | √ |
| २.१.२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/ छैन ? | गाउँपालिकामा कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति कार्यान्वयन गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.३ | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | स्थानीय जनप्रतिनिधिकै संयोजकत्वमा महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित भाषा, संस्कृति र रहन सहन बुझेका कर्मचारीहरु सहितको संलग्नता बढाउने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको/नलिएको ? | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता बिकासका अवसर बितरण गर्दा सकारात्मक बिभेदको नीतिलाई ध्यान दिंई कार्यान्वयनमा निरन्तरता दिने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | | | |
| २.२.१ | महिला र पुरुष बिचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | लैससास कार्यान्वयन रणनीति तयार गरी लागु गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.२.२ | स्थानीय सरकारमा लैंगिक बिकास हेर्ने ईकाईको ब्यवस्था छ/छैन ? (लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको ब्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | गाउँपालिकामा लैंगिक बिकास हेर्ने छुट्टै ईकाई वा डेस्कको ब्यवस्था गर्ने लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने । | प्रशासन शाखा सामाजिक बिकास शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२.३ | स्थानीय सरकारवाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ? | गाउँपालिकाका सबै कार्यालयहरुमा हुन सक्ने सबै  प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैससास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको/नगरेको ? | लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने । | प्रशासन शाखा योजना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | |
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको/नरहेको ? | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व  गराउने कार्यलाई निरन्तरता दिने । | प्रशासन शाखा | आ ब २०७८/७९ असार मसान्त | | √ |
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | यस कार्यलाई अझ प्रभावकारी ढंगवाट कार्यान्वयन गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | यस्ता समितिहरुले लैससास कार्यान्वयन सम्बन्धमा दिएका सूझावहरु लिखित रुपमा संकलन गरी राख्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | यस्ता समितिहरुले लैससास कार्यान्वयन सम्बन्धमा दिएका सूझावहरु लिखित रुपमा संकलन गरी राख्ने र सुझावहरुको कार्यान्वयन गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.४ | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | | | | |
| २.४.१ | स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध, महिला सिप बिकास नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | यस कार्यलाई निरन्तरता दिने । | योजना तथा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.४.२ | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको बिकास र सशक्तिकरणको लागि बजेटको ब्यवस्था भएको छ ? उनीहरुको | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | | | | | |
| २.४.३ | के स्थानीय सरकारमा लैंगिक डेस्कको बिकासको र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको ब्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | लैंगिक डेस्क तथा कर्मचारीको क्षमता बिकासको लागि कार्यक्रमहरु पहिचान तथा कार्यान्वयन गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |
| २.४.४ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ? | गाउँपालिकामा लागु भएको समावेशी सूचना प्रणालीलाई निरन्तरता दिने । | सूचना शाखा योजना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.५ | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | | | | |
| २.५.१ | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्यांक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाईल | यस्ता समुदायस्तरका आधारभूत खण्डिकृत सूचना वा तथ्यांक बार्षिक रुपमा अध्यावधिक गर्ने । | सूचना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.५.२ | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्यांक संकलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको/नगरेको (गाउँ/नगर प्रोफाईल) | यस कार्यलाई निरन्तरता दिने । | सूचना शाखा रोजगार शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.५.३ | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय बिकास योजना तर्जुमा गर्ने गरेको छ ? | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| २.५.४ | स्थानीय सरकारले आफ्नो क्षेत्रको सामाजिक सूरक्षा पाउँनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरेको/नगरेको ? | गाउँपालिकाका सामाजिक सूरक्षा पाउनेहरु र पञ्जिकरणको अभिलेख ब्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने कार्यमा निरन्तरता दिने । | पञ्जिकरण शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| ३. | **मानव संसाधन तथा क्षमता बिकास** | | | | | |
| ३.१ | **मानव संसाधन तथा क्षमता बिकास** | | | | | |
| ३.१.१ | लैंगिक तथा समावेशी बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट बिनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यबिधि स्वीकृत भई कार्यान्वयनमा आएको/नआएको ? | यस कार्यलाई निरन्तरता गर्ने । | सा बि शाखा<br>म बा शाखा<br>योजना शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |
| ३.१.२ | स्थानीय सरकारका पदाधिकारी/ कर्मचारीहरुले लैंगिक तथा समावेशी बिकास, लैंगिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको/नगरिएको ? | जनप्रतिनिधिहरुलाई तालिमको ब्यवस्था गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.३ | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग गर्ने । महिलाका आवश्यकता समेट्ने किसिमका तालिम दिने र गुणस्तर तथा सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने । | सा बि शाखा म बा शाखा योजना शाखा | आ ब २०७९/८० | | √ |
| ३.१.४ | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट बिनियोजन गरिएको छ/छैन ? | पदाधिकारीहरुको क्षमता अभिबृद्धिका तालिम तथा अवलोकन भ्रमण गर्ने । | सा बि शाखा म बा शाखा योजना शाखा | आ ब २०७९/८० | √ | |
| ३.१.५ | के स्थानीय सरकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (बिषयगत तालिम प्राप्त जनशक्ति संख्या) | गाउँपालिकाले लैससास तालिम तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक जनशक्तिको किसिम र संख्या अनुमान गरी आवश्यक क्षमता बिकास तालिम र कार्यक्रमहरु गर्ने । | सा बि शाखा म बा शाखा योजना शाखा | आ ब २०७९/८० | √ | |
| ३.१.६ | के स्थानीय सरकारमा मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था छ ? | गाउँपालिकामा मानव संसाधन बिकास केन्द्र स्थापना गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको ? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | यस कार्यक्रमलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० | √ | |
| ३.१.८ | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमूखिकरण गरिएको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | वेईजिङ घोषणापत्र सम्बन्धमा स्थानीय पदाधिकारी तथा कर्मचारीलाई अभिमूखिकरण कार्यक्रम गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ३.२ | **अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धि जनचेतना** | | | | | |
| ३.२.१ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला हिंसा बिरुद्धको सचेतनामूलक कार्यक्रममा बजेट बिनियोजन गरी कार्यक्रम निरन्तर गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ३.२.२ | लैंगिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाएको छ ? (घटेको घट्ना संख्या र लिईएको निर्णय) | लैंगिक हिंसा रहित गाउँपालिका घोषणाको लागि कार्यक्रमहरु गर्ने ।<br>महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कानुन तयार गरी लागु गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२.३ | स्थानीय सरकारले महिला बिरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चानल गर्ने गरेको छ ? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | महिला हिंसा निर्मुल गर्ने कार्यक्रममा बजेट बिनियोजन गरी निरन्तर सञ्चालन गर्ने । बस्ती स्तरसम्म कार्यक्रम गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु सञ्चालन गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | स्थानीय स्तरमा उल्लेखित सामाजिक कुसंस्कारहरु निर्मुल गर्नको लागि सचेतनामूलक तालिमहरु निरन्तर सञ्चालन गर्नु पर्ने साथै कार्यक्रमलाई बस्ती स्तरसम्म लैजाने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ३.३ | **कानुनी साक्षरता** | | | | | |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समुहवाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, बिषयगत कानुनहरु पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण गर्ने गरेको/नगरेको ? | गाउँपालिकाका पदाधिकारीलाई संघवाट जारी भएका उल्लेखित ऐन कानुनहरु सम्बन्धमा यथेष्ट अभिमूखिकरण तथा तालिमको ब्यवस्था गर्ने । गाउँपालिकाले स्थानीय रुपमा पारित गरी लागु गरेका ऐन नियमहरुको अभिमूखिकरण कार्यक्रम गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३.३.२** | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण गर्ने गरेको/नगरेको ? | स्थानीय तहका कार्यपालिका र सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया बारेमा अभिमूखिकरण गर्ने । | प्रशासन शाखा बिधायन समिति | आ ब २०७९/८० | √ | |
| **३.३.३** | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन् ? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | महिलाहरुको लागि कानुनी शिक्षा कार्यक्रम वडा तथा बस्ती स्तरमा सञ्चालन गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| **३.३.४** | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनवाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | महिलाहरुको लागि सञ्चालन भएका कानुनी शिक्षा वडा र टोल स्तरमा कार्य गर्ने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| **३.४** | **बिपद ब्यवस्थापनमा समावेशीकरण** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.४.१ | स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यबिधि स्वीकृत गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको ? | कार्यबिधिमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान स्पष्ट ब्यवस्था गर्ने । | बि ब्य स<br>सा बि शाखा<br>म बा शाखा | आ ब २०७९/८० | √ | |
| ३.४.२ | स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको/नगरेको ? | बिपद सम्बन्धी तथ्यांक ब्यवस्थापन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने कार्य निरन्तरता दिने । | बि ब्य स | आ ब २०७९/८० | √ | |
| ३.४.३ | समुदायमा आधारीत बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गरेको/नगरेको ? | बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्यमा निरन्तरता दिने । | बि ब्य स | आ ब २०७९/८० | √ | |
| ३.४.४ | बिपद ब्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको ? | बिपद ब्यवस्थापन कोषको स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने कार्य गर्ने । | बि ब्य स | आ ब २०७९/८० | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | **सेवा प्रवाह** | | | | | |
| ४.१ | **पूर्वाधार बिकास** | | | | | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपांगता भएका ब्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधान सहित हुने गरेको/नगरेको ? | स्थानीय सरकारका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु कार्यान्वयनमा निरन्तरता गर्ने । | पूर्वाधार शाखा | आ ब २०७९/८० | | √ |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपांगता भएका ब्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणवाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | स्थानीय सरकारका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु लागु गर्ने । | पूर्वाधार शाखा | आ ब २०७९/८० | √ | |
| ४.१.३ | स्थानीय तहले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपांगता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणवाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न | गाउँपालिकाले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन र संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपांगता भएका ब्यक्ती तथा बालमैत्री | योजना तथा पूर्वाधार शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्देशन दिने गरिएको छ/छैन ? | संरचना तयार गराउने नीति लागु गर्ने। | | | | |
| ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक उर्जा स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको ? | यस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा कार्यान्वयन गर्ने। | उर्जा तथा बातावरण शाखा | आ ब २०७९/८० | √ | |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | | | | |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको/नभएको ? | गर्भवती महिलालाई जोखिमयूक्त काममा नलगाउने र महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई बिस्तार गर्ने। | स्वास्थ्य शाखा र म बा शाखा | आ ब २०७९/८० | √ | |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था र सोको ब्यवस्थापन गरिएको छ/छैन ? | सार्वजनिक स्थल र संस्थाहरुमा बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको ब्यवस्था गर्ने। | स्वास्थ्य शाखा र म बा शाखा | आ ब २०७९/८० असार मसान्त | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ? | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन निरन्तर गर्ने। | स्वास्थ्य शाखा र म बा शाखा | निरन्तर | | √ |
| ४.२.४ | महिला, गरीब, निमूखा र बञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | आगामी बर्षहरुमा निरन्तरता दिने। | योजना शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | | | |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिका भित्रका बिद्यालय जाने उमेरका सबै बालबालिकालाई बिद्यालयमा भर्ना गराउँने प्रबन्ध मिलाए/नमिलाएको ? | यस कार्यलाई निरन्तरता दिने। | शिक्षा शाखा | निरन्तर | | √ |
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा बञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउँन छात्रबृत्तिको ब्यवस्था गरी निष्पक्ष बितरण हुने प्रवन्ध मिलाए/नमिलाएको ? | यस कार्यलाई निरन्तरता दिने। | शिक्षा शाखा | निरन्तर | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन भए नभएको ? (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि) (कार्यक्रम संख्या पटक तथा सहभागी संख्या) | निरन्तर सञ्चालन गर्दै लैजाने। | शिक्षा शाखा | आ ब २०७९/८० | | √ |
| ४.३.४ | बिद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको ? | यस कार्यलाई निरन्तरता दिने। | योजना शाखा शिक्षा शाखा र स्वास्थ्य शाखा | आ ब २०७९/८० | √ | |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | | | | |
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भए/ नभएको ? | यस कार्यलाई निरन्तरता दिने। | भौतिक पूर्वाधार तथा स्वास्थ्य शाखा | आ ब २०७९/८० | √ | |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | स्थानीय समुदाय तथा आमा समूहको सक्रियतामा टोल सरसफाई, पानीको मुल संरक्षण जस्ता कार्यक्रमहरु निरन्तर कार्यान्वयन गर्ने। | सा बि शाखा म बा शाखा स्वास्थ्य शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.४.३ | कुहिने नकुहिने घरायासी फोहर छुट्याउने ब्यवस्था, फोहर संकलन तथा बिसर्जन, घरघरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको ? | फोहोर संकलनमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>प्लाष्टिक र सिसाजन्य फोहोरहरुलाई ब्यवस्थापनको लागि बजेट बिनियोजन गर्ने । | बातावरण शाखा | आ ब २०७९/८० | √ | |
| ४.४.४ | महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज ब्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परामपरागत ईनार र कुवाको पूनर्जिवीकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/ नगरेको ? | गाउँपालिकाको अधिकांश घरधुरीहरुमा एक घर एक धाराको ब्यवस्थामा निरन्तरता दिने ।<br>खानेपानी मुहानको संरक्षण गर्ने कार्यमा निरन्तरता दिने ।<br>परम्परागत पोखरी संरक्षण गर्ने कार्यमा निरन्तरता दिने । | बातावरण शाखा | आ ब २०७९/८० | | √ |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन** | | | | | |
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु आवश्यकताको आधारमा तयार गरी कार्यान्वयन गर्ने । | सा बि शाखा<br>म बा शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५.२ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायको क्षमता बिकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको ? (कार्यक्रम संख्या र उपस्थिति) | आवश्यक्तालाई हेरी कार्यक्रम बनाउने । | सा बि शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सूचकांक) ? | यस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा गर्ने । | सा बि शाखा योजना शाखा तथा शिक्षा शाखा | आ ब २०७९/८० | √ | |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको ब्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ? | यस गाउँपालिकामा सुपथ मूल्य सहकारी सञ्चालन गर्ने । | योजना शाखा सा बि शाखा तथा रोजगार शाखा | आ ब २०७९/८० | √ | |
| ५. | **सुशासन तथा उत्तरदायित्व** | | | | | |
| ५.१ | **सुशासन** | | | | | |
| ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, बिकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभावाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीवाट निर्णय गरी कामकाज गर्ने | यस कार्यलाई निरन्तरता दिने । | प्रशासन शाखा | आ ब २०७९/८० | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ? | | | | | |
| ५.१.२ | स्थानीय तहले बिधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको/नल्याएको ? | बिधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु अध्यावधिक गरी लागु गर्ने । | प्रशासन शाखा | आ ब २०७९/८० | | √ |
| ५.१.३ | महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | अबका दिनमा बेईजिङ घोषणापत्रका १२ वटा बुँदाहरु उल्लेख गरी स्थानीय कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्ने । | सा बि शाखा<br>म बा शाखा | आ ब २०७९/८० | √ | |
| ५.१.४ | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजना गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजना गरी कार्यक्रमहरु गर्ने । | सा बि शाखा<br>म बा शाखा | आ ब २०७९/८० | √ | |
| ५.२ | **उत्तरदायित्व र जवाफदेहिता** | | | | | |
| ५.२.१ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको/ नगरेको ? | सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने । | सा बि शाखा<br>सूचना शाखा | आ ब २०७९/८० | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | गाउँपालिकाले सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईमा महिला तथा बञ्चितिकरणमा परेका समुदायवाट पूर्ण उपस्थिति गर्ने । | सा बि शाखा सूचना शाखा | आ ब २०७९/८० | √ | |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका बिषयमा आवाज उठ्ने गरेको/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारवाट सम्वोधन हुने गरे/नगरेको ? | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट प्राप्त गुनासा र सुझावहरुको कार्यान्वयन गर्ने । | सा बि शाखा योजना शाखा | आ ब २०७९/८० | | √ |
| ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको ? | आचार संहिताको पालनामा निरन्तरता दिने । | प्रशासन शाखा | आ ब २०७८/७९ | √ | |
| ५.३ | **सूचना तथा सञ्चार** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.३.१ | स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको ? | बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने कार्यलाई नियमित रुपमा गर्ने । | | | | √ |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | सूचना प्रशारण कार्यलाई निरन्तरता दिने । | सूचना शाखा | आ ब २०७८/७९ | √ | |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ ? | यस कार्यलाई निरन्तरता दिने । | सूचना शाखा म बा शाखा | आ ब २०७९/८० | √ | |
| ५.३.४ | के स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको छ ? (आधार तथ्यांकसंग समेत तुलना गर्न सकिने) | यस कार्यलाई निरन्तरता दिने । | सूचना शाखा म बा शाखा | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.४ | **अनुगमन र मूल्यांकन** | | | | | |
| ५.४.१ | के कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ? | कार्यक्रम तथा परियोजनाको कार्यान्वयनवाट सम्बन्धित समुदायले पूर्ण लाभको सुनिस्चित गर्ने । | योजना शाखा र सूचना शाखा | आ ब २०७९/८० | | √ |
| ५.४.२ | के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लैंगिक समानता तथा सामाजिक समावेशी बिकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरिन्छ ? | आयोजना र कार्यक्रमले पुग्ने असर र प्रभावको मूल्यांकन गरिनु पर्ने । | योजना शाखा र सूचना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| ५.४.३ | के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | आ ब २०७९/८० | | √ |
| ५.४.४ | के अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा र सूचना शाखा | आ ब २०७९/८० असार मसान्त | | √ |
| ५.५ | **समन्वय र सम्बन्ध बिस्तार** | | | | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा | यस कार्यलाई निरन्तरता दिने । | सबै शाखाहरु | | √ | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको ? | | | | | |
| ५.५.२ | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल सदस्य बनी कार्यगत छलफल तथा यस क्षेत्रको बिकासको लागि नियमितरुपमा कार्य हुने गरे/ नगरेको ? | लैससास सम्बन्धी कार्य गर्ने निकायहरु र सरोकारवालाहरु बिच लैससास कार्यान्वयन सञ्जाल गठन गरी परिचालन गर्ने । | म बा शाखा | आ ब २०७९/८० | √ | |
| ५.५.३ | लैंगिक समानता तथा समावेशी बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी बिकास सम्बन्धी क्षमता बिकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको ? | लैससास सम्बन्धी कार्य गर्ने निकायहरु र सरोकारवालाहरु बिच लैससास कार्यान्वयन सञ्जाल गठन गरी क्षमता बिकास तालिम कार्यक्रमहरु गर्ने । | म बा शाखा<br>योजना शाखा | आ ब २०७९/८० | √ | |
| ५.५.४ | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | यी कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने । | योजना शाखा<br>म बा शाखा | आ ब २०७९/८० | √ | |

# भाग – ४

# निष्कर्ष र सूझावहरु

## ४.१ निष्कर्ष

बरेङ गाउँपालिका जिल्ला सदरमुकामबाट दुर्गम क्षेत्रमा रहेता पनि नीति, कानुन तथा योजना तर्जुमा, संस्थागत संरचना, मानव संशाधन, सेवा प्रवाह र सुशासनका क्रियाकलापहरुमा राम्रो कार्यहरु गरेको छ।

यस गाउँपालिका लैससास कार्यान्वयन सम्बन्धमा परीक्षण गर्दा ५ वटा क्षेत्रहरु मध्ये सूचकहरुमा आधारित रही हेर्दा नीति कानुन र योजना बिषय क्षेत्रमा ७५ प्रतिशत प्रगति भएको देखिन्छ । । संस्थागत ब्यवस्थामा ८० प्रतिशत प्रगति भएको देखिन्छ। मानव संसाधन र क्षमता बिकास बिषय क्षेत्रमा ७० प्रतिशत प्रगति भएको देखिन्छ सेवा प्रवाहमा ८० प्रतिशत प्रगति भएको छ। त्यस्तै सुशासन तथा उत्तरदायित्वमा ७५ प्रतिशत कार्य प्रगति देखिएको छ। यसवाट के प्रष्ट देखिन्छ भने लैससास सम्बेदनशिलता तथा दृष्टिकोणवाट मूल्यांकन गर्दा संस्थागत ब्यवस्था र सेवा प्रवाहको क्षेत्रमा ८० प्रतिशत धैरै उत्कृष्ट काम भएको छ। त्यसैगरी नीति कानुन र योजना र सुशासन तथा उत्तरदायित्वको क्षेत्रमा ७५ प्रतिशत उत्कृष्ट काम भएको छ भने मानव संसाधन र क्षमता बिकास बिषय क्षेत्रमा ७० प्रतिशत धैरै राम्रो काम भएको छ । समग्रमा हेर्दा बरेङ गाउँपालिकामा लैससासको क्षेत्रमा धैरै नै राम्रो कामहरु भएको नतिजा प्राप्त भएको छ।

## ४.२ सूझावहरु

यस गाउँपालिकाको लैससास परीक्षण गर्दा देखिएका अवस्थाहरुको आधारमा देहायका कार्यहरु गर्नु पर्ने आवश्यकता देखिएकोले सुझावको रुपमा पेश गरिएको छः

क) यस गाउँपालिकामा लैससास कार्यान्वयनको लागि स्थानीय लैससास नीति, लैंगिक उत्तरदायी बजेट कार्यबिधि, लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट कार्यबिधि र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि लागु गर्नु पर्ने आवश्यकता देखिएको छ।

ख) यसै नीति कार्यनीति र कानुनी दायराहरुको कार्यान्वयन गर्ने, सो अनुसारको बार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यमा आगाडि बढ्नु पर्ने आवश्यकता देखिएको छ।

ग) महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय कानुन लागु गर्नु पर्ने आवश्यकता रहेको छ जसवाट समाजमा ज्यालामा बिभेद निर्मुल हुने अपेक्षा गरिएको छ।

घ) गाउँपालिकाका सबै नीति ऐन र नियमहरु तथा योजना र कार्यक्रमहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, सम्वेदनशिलता र दृष्टीकोण समावेश गर्नु एक लैससास कार्यटोली गठन र परिचालनको आवश्यकता देखिएको छ।

ङ) गाउँपालिकाको आवधिक र बार्षिक योजना तथा कार्यक्रममा समावेश गरिएको लैंगिक तथा समावेशी बिकासको कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

च) योजना तर्जुमाको क्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनको लागि महिला तथा लक्षित बर्गहरुको रणनैतिक आवश्यकता पहिचानको लागि उनीहरुसंग बसी गरिने छलफलको सघनता बढाउनु पर्ने र सोको दस्तावेजीकरण गर्नु पर्ने देखिन्छ।

छ) दिगो बिकास लक्ष्य र लक्ष्य नं ५ को स्थानीयकरणको लागि नीतिगत ब्यवस्था र कार्यक्रम तथा बजेट ब्यवस्था गरी कार्यान्वयनको आवश्यकता देखिन्छ।

ज) महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

झ) लक्षित वर्गहरुको लागि बिनियोजित बजेटको कार्यान्वयन अनुगमन तथा मूल्यांकन गरी अधिकतम् लाभको सूनिस्चित गर्नु पर्ने देखिन्छ।

ञ) गाउँपालिकाले लैससासका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्नको लागि लैससास बिकास डेस्क स्थापना गरी कर्मचारी ब्यवस्था गर्नु पर्ने देखिन्छ।

ट) गाउँपालिकाले मानव संसाधनको ब्यवस्थापन र क्षमता बिकास कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न मानव संसाधन बिकास केन्द्र वा शाखा स्थापना गरी कार्यक्रम सम्पादन गर्नु पर्ने देखिन्छ।

**अनुसूची-१**

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री दिलिप कुमार पुन | संयोजक | उपाध्यक्ष | ९८५११७०४५८ |
| २ | श्री किसान बहादुर खत्री | सदस्य | वडा अध्यक्ष वडा नं ४ | ९८६७७७००२६ |
| ३ | श्री नमुना बिटालु | सदस्य | कार्यपालिका सदस्य | ९८४०१६६६४७ |
| ४ | श्री काशीराम बि क | सदस्य | कार्यपालिका सदस्य | ९८५७६८२३१४ |
| ५ | श्री अमर शेरबुजा | सदस्य | वडा अध्यक्ष वडा नं ५ | ९८५७६७७६२८ |
| ६ | श्री तुलसी बस्याल | सदस्य | कार्यपालिका सदस्य | ९८४४७३९०९४ |
| ७ | श्री पबित्रा पुन | सदस्य | कार्यपालिका सदस्य | ९८६६५६२४५२ |
| ८ | श्री जित बहादुर राना | सदस्य | प्रमुख प्रशासकिय अधिकृत | ९८५७६३२३२८ |
| ९ | श्री निशा गिरी | सदस्य | सहायक महिला बिकास निरिक्षक | ९८४२३९४०६४ |

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समुहहरु

### समुह नं १: नीति, कानुन तथा योजना

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री किसान बहादुर खत्री | संयोजक | वडा अध्यक्ष वडा नं ४ | ९८६७७७००२६ |
| २ | श्री चन्द्रकला खत्री | सदस्य | कार्यपालिका सदस्य | ९८६७१७४६२८ |
| ३ | श्री राजन चालिसे | सदस्य | एम आई एस अपरेटर | ९८५७६८५०५२ |
| ४ | श्री केशव राज क्षेत्री | सदस्य | रोजगार संयोजक | ९८५७६६०६६० |

### समुह नं २: संस्थागत ब्यवस्था

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री शेर बहादुर खनाल क्षेत्री | संयोजक | वडा अध्यक्ष वडा नं ३ | ९८४७५२१४७५ |
| २ | श्री हिरा बहादुर घर्ती | सदस्य | वडा अध्यक्ष वडा नं २ | ९८६७५०३५०७ |
| ३ | श्री जमुना बिटालु | सदस्य | कार्यपालिका सदस्य | ९८४०१६६६४७ |
| ४ | श्री सुर्य प्रसाद शर्मा | सदस्य | प्रशासन शाखा प्रमुख | ९८४३५७०६२० |
| ५ | श्री नारायण पौडेल | सदस्य | नायव पशु सेवा प्राविधिक | ९८४७७१००६१ |

### समुह नं ३: मानव संसाधन तथा क्षमता बिकास

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री काशीराम बिक | संयोजक | कार्यपालिका सदस्य | ९८५७६८२३१४ |

| | | | | |
|---|---|---|---|---|
| २ | श्री पबित्रा पुन | सदस्य | कार्यपालिका सदस्य | ९८६६५६२४५२ |
| ३ | श्री धनिश्वर शर्मा | सदस्य | कम्प्युटर अपरेटर | ९८४७७६६५११ |
| ४ | श्री बिष्णु प्रसाद न्यौपाने | सदस्य | प्राविधिक सहायक | ९८६३५०८९६७ |

**समुह नं ४: सेवा प्रवाह**

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री अमर शेरबुजा | संयोजक | वडा अध्यक्ष वडा नं ५ | ९८५७६७७६२८ |
| २ | श्री नरशेङ पुन | सदस्य | वडा अध्यक्ष वडा नं १ | ९८५७६३६६१० |
| ३ | श्री चन्द्रकला के सि थापा | सदस्य | कार्यपालिका सदस्य | ९८४३४६१५२१ |
| ४ | श्री कमल आचार्य | सदस्य | सव-ईन्जिनियर | ९८५११५७११३ |
| ५ | श्री सुरेन्द्र बहादुर राना | सदस्य | उद्यम विकास सहजकर्ता | ९८६७६१०३५२ |
| ६ | श्री मान बहादुर पुन | सदस्य | स्वकिय सचिव | ९८६६८५११३५ |

**समुह नं ५: सुशासन र उत्तरदायित्व**

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री तुलसी बस्याल | संयोजक | कार्यपालिका सदस्य | ९८४४७३९०७४ |
| २ | श्री राजन कार्की | सदस्य | सूचना प्रविधि अधिकृत | ९८४७६५७३२७ |
| ३ | श्री मोहन घर्ती क्षेत्री | सदस्य | आन्तरिक लेखा परिक्षक | ९८४५३६९०४४ |
| ४ | श्री सुश्मा शर्मा | सदस्य | प्राविधिक कृषि स्नातक | ९८४७४७८७८५ |

**अनुसूची – २**

# बरेङ गाउँपालिका

## हुग्दिशिर, बागलुङ

लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन बिवरण

परीक्षण अंकः राम्रो - १, ठिकै - ०.५ र नभएको – ०

| क्र सं | सूचक तथा उपसूचकहरु | अंकभार | वर्तमान अवस्था | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | **१** | | |
| **१.१.१** | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको ? | १ | नीति तथा कानुनको तर्जुमा गर्दा लैससासको दृष्टिले तर्जुमा गर्ने कार्यटोली निर्माण गर्ने गरेको। लैससाससंग सम्बन्धित कर्मचारी भएको। लैससासको दृष्टिले कार्य गर्ने गरी समिति विद्यमान रहेको। | १ |
| **१.१.२** | स्थानीय सरकारले आफ्नो नीति कानुन योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको ? | १ | स्थानीय सरकारको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको। | १ |
| **१.१.३** | स्थानीय सरकारको नीति र योजनामा लैससास बिकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको/नभएको ? | १ | गाउँपालिकाको स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरुमा लैससास बिकास सम्बन्धी क्षेत्र तथा बिषयहरु समावेश भएको। | १ |
| **१.१.४** | स्थानीय सरकारको महिला र पुरुषको समबिकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यबिधि र निर्देशिकामा खास ब्यवस्था गरिएको वा नगरिएको)। | १ | यस क्षेत्रका सवालहरुलाई समाधान गर्न र महिला, पुरुष तथा लक्षित समुदायहरुको बिकासको लागि आंशिक कार्यक्रमहरु मात्र भएको तर आवश्यक स्थानीय कानुनहरु लागु नभएको। | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| **१.१.५** | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यबिधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान ब्यवस्था गरिएको छ/छैन ? | १ | महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्ने कार्यक्रम भएको तर निर्दिष्ट स्थानीय कानुनी प्राबधान भएको। | १ |
| **१.१.६** | संघीय कानुनले ब्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको ? | १ | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने ब्यवस्था गरिएको। | १ |
| **१.१.७** | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन बिभेदकारी भएको/नभएको।) | १ | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान औपचारिक क्षेत्रमा भएको तर अनौपचारिक क्षेत्रमा चाहि कानुन नभएको। | ०.५ |
| **१.१.८** | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने प्रावधान रहेको/नरहेको ? | १ | गाउँपालिकामा यो समस्या नभएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ८ | | ७ |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| **१.२.१** | आवधिक योजना र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन ? | १ | लैंगिक तथा समावेशी बिकासको लागि नीति कार्यक्रम तय गरेको। मापनयोग्य उपलब्धि लक्ष्य निर्धारण भएको। | १ |
| **१.२.२** | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | १ | कूल पूँजीगत बजेटको ७.५ प्रतिशत लक्षित वर्गको लागि छुट्टाइएको तर शैद्धान्तिक रुपमा निश्चित प्रतिशत बजेट बिनियोजनको लागि नीतिगत निणर्य नभएको। | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| **१.२.३** | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकिकरणमा पर्ने गरेको/नगरेको ? (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | १ | योजना तर्जुमा प्रक्रियामा लक्षित समुहको सकृय सहभागितामा हुने गरेको ।<br>योजना छनौट गर्दा गाउँ बस्तीस्तरबाट आएका योजनाहरुलाई प्राथमिकिकरण गरी योजना तर्जुमा गरिएको । | १ |
| **१.२.४** | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल भए/नभएको ? | १ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल हुने गरेको र बैठक पुस्तिका समेत उपलब्ध गराएको । | १ |
| **१.२.५** | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | १ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको समग्रमा बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको । सोको प्रतिवेदन तयार नगरेको । | ०.५ |
| **१.२.६** | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ? | १ | स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण नगरेको । | ० |
| **१.२.७** | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | १ | लक्षित बर्गका लागि कार्यान्वयन भएका योजनाबाट प्रत्यक्ष लाभ पुगेको । | १ |
| **१.२.८** | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | १ | उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरुलाई जिम्मेवारी दिएको पाईएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ८ | | ६ |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | |

| | | | | |
|---|---|---|---|---|
| **१.३.१** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउने (बिश्लेषण) गर्ने गरिएको/नगरिएको ? | १ | बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल हुने गरेको। | १ |
| **१.३.२** | स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एबं परीक्षण नियमित रुपमा गर्न बजेटको ब्यवस्था गरिएको/नगरिएको ? | १ | गाउँपालिकामा क्षमता बिकास योजना तयार नभएको। लैससास परीक्षण पनि नभएको। | ० |
| **१.३.३** | लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी बिषयमा सुधार गर्न क्षमता बिकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समाबेश गरिएको/नगरिएको ? | १ | लैससास परीक्षण नभएको हुँदा सो सम्बन्धि कार्ययोजना तर्जुमा तथा कार्यान्वयनको लागि बार्षिक योजनामा समावेश नगरिएको। | ० |
| **१.३.४** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निस्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बिच भिडान) | १ | गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा लक्षित समूहको लागि बजेट बिनियोजन भएको तर उक्त क्षेत्रमा निश्चित प्रतिशत बिनियोजन गर्ने नीतिगत निर्णय नभएको। | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | २ |
| | **मूल बिषयगत जम्मा** | २० | | १५ |
| **२** | **संस्थागत ब्यवस्था** | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | |
| **२.१.१** | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | १ | गाउँपालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा ४० प्रतिशत प्रतिनिधित्व रहेको तर (५०/५० प्रतिशत) प्रतिनिधित्वको लागि स्थानीय नीति तथा काननी प्रावधान लागू नभएको। | ०.५ |
| **२.१.२** | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/ छैन ? | १ | निजामति सेवा ऐनलाई आधार मानी स्थानीय पदपूर्ती गरिदै आएको। | १ |

| | | | | |
|---|---|---|---|---|
| **२.१.३** | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/ नगरेको ? | १ | महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्नको लागि सम्बन्धित वडाका जनप्रतिनिधि र स्थानीय कर्मचारीहरु मार्फत कार्यन्वयन गर्ने गरेको । | १ |
| **२.१.४** | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र बञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको/नलिएको ? | १ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता बिकास कार्यक्रमहरुमा सहभागि गराउँदा महिला तथा बन्चितिमा परेका समूहहरुलाई पहिलो प्राथमिकता दिने गरी सकारात्मक बिभेदको नीति लागू भएको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| **२.२** | **कार्यप्रणाली समावेशी** | | | |
| **२.२.१** | महिला र पुरुष बिचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | १ | गाउँपालिकाको बार्षिक तथा आवधिक योजनाहरु र नीति तथा कानूनहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणको सवालहरु समाधान गर्न निश्चित रणनीति तथा कार्यनीति लागू भएको । | ०.५ |
| **२.२.२** | स्थानीय सरकारमा लैंगिक बिकास हेर्ने ईकाईको ब्यवस्था छ/छैन ? (लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको ब्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | १ | गाउँपालिकामा महिला तथा बालबालिका शाखाले लैससास क्षेत्रलाई हेर्ने गरेको ।<br>लैससास निर्देशक समिति गठन भई संचालनमा रहेको । | १ |
| **२.२.३** | स्थानीय सरकारवाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्ब्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ? | १ | आचार संहिता बनाएको छैन तर गाउँपालिकाको नागरिक बडापत्रमा कुनै पनि प्रकारको दुर्ब्यवहार र भेदभाव नगर्ने एवं महिला हिंसा नियन्त्रण गर्न भनी लेखिएको । | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैससास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको/नगरेको ? | १ | लैससास कार्यान्वयन समिति गठन नभएको । | ० |
| | **सहायक बिषयगत जम्मा** | ४ | | २ |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | |
| २.३.१ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने ब्यवस्था रहेको/नरहेको ? | १ | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व गराईएको । | १ |
| २.३.२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | १ | हालसम्म गठित समिति उपसमितिहरुमा प्रतिनिधित्व गरेका महिला तथा बञ्चितिकरणमा परेका प्रतिनिधिहरुले छलफल र निर्णय कार्यमा स्वस्थ ढंगले भाग लिन पाएको जानकारी पाईएको । | १ |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | १ | गाउँपालिकाका समिति उपसमितिहरुले कार्यक्रम अनुगमनको क्रममा महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी नीतिगत र कार्यगत सुझाव मौखिक रुपमा गरेको ।<br>लिखित सुझाव दिने र अभिलेखिकरण गर्ने कार्य नभएको । | ०.५ |
| २.३.४ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | १ | यस्ता समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन आंशिक रुपमा भएको । | ०.५ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३ |
| २.४ | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | | |

| | | | | |
|---|---|---|---|---|
| **२.४.१** | स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध, महिला सिप बिकास नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | १ | यस गाउँपालिकाले लक्षित बर्गका लागि क्षमता बिकास तालिम कार्यक्रमहरु सञ्चालन भएको । सोको लागि छुट्टै कोषको स्थापना र सञ्चालन पनि भएको । | १ |
| **२.४.२** | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको बिकास र सशक्तिकरणको लागि बजेटको ब्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | १ | महिला तथा लक्षित समुदायको बिकास र सशक्तिकरणको लागि कार्यक्रमहरुमा बजेट बिनियोजन भएको । | १ |
| **२.४.३** | के स्थानीय सरकारमा लैंगिक डेस्कको बिकासको र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको ब्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | १ | गाउँपालिकामा महिला तथा बालबालिका शाखा स्थापना भएको र त्यही शाखाले लैंगिक डेस्कको कार्य गरेको । लैंगिक डेस्क तथा कर्मचारीको क्षमता बिकासको लागि कार्यक्रमहरु पहिचान नगरिएको । | ०.५ |
| **२.४.४** | स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ? | १ | गाउँपालिकाले समावेशी सूचना प्रणाली लागु गरेको । कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धि सूचना दिने गरेको । | १ |
| | **सहायक बिषयगत जम्मा** | ४ | | ३.५ |
| २.५ | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | | |
| **२.५.१** | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्यांक संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाईल | १ | गाउँपालिका प्रोफाईल तयार गरी (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) समुदायस्तरका आधारभूत खण्डिकृत सूचना एवं तथ्यांक संकलन र ब्यवस्थापन गरेको । | १ |

| | | | | |
|---|---|---|---|---|
